समविकास केन्द्र (ईडीसी) नेपाल, डोटी

# स्थानिय अधिकार कार्यक्रम

## अर्धवार्षिक प्रगती प्रतिवेदन

## जुन, २०२२

**प्रतिवेदन तयार गर्ने :**
नरेन्द्र बहादुर वि.क.
कार्यक्रम संयोजक
सम विकास केन्द्र, डोटी

**प्रतिवेदन प्राप्त गर्ने:**
प्रेम बहादुर चौधरी
कार्यक्रम अधिकृत
एक्शनएड नेपाल

# सहभागिमूलक चिन्तन् मनन् प्रक्रिया(PRRP)
# अर्धवार्षिक प्रतिवेदन
# जुन२०२२

## प्रतिवेदनको विषय सूचि

### १. परिवेश विश्लेषण

सामाजिक, राजनैतिक तथा आर्थिकअवस्थालाई विश्लेषण गरि प्रमुख परिवर्तनहरूसँग सन्दर्भ मिल्ने परिवेशलाई मात्र राख्ने । हाम्रो कार्यक्रमलाई कुनै रुपमा असर पुऱ्याउने परिवर्तनमा जोड दिने ।

सम विकास केन्द्र (ईडिसि) नेपाल, डोटीले गरिब, दलित, महिला, सिमान्तकृत तथा पछाडि पारिएका समुदायलाई आफनो अधिकारको बारेमा शसक्तिकरणको माध्यमबाट सचेत बनाउदै, तिनको सवाल प्रतिको जनमत निर्माण गरि मानव अधिकारमुखि अभियानद्धारा समाज रुपान्तरण प्रकृयामा कार्य गर्दै आएको छ । एक्शनएड नेपालसंगको साझेदारीमा मानव अधिकारमुखि अभियानमार्फत महिला अधिकारका क्षेत्रमा काम गर्दै आएको छ ।मुख्यरुपमा महिला अधिकारलाई केन्द्र बिन्दु बनाउदै महिला तथा बालिकाहरुको सक्षमता तथा नारीवादी नेतृत्व र उत्पादनशील भूमिका प्रबर्द्धन मार्फत् महिला तथा बालिका माथी हुने हिंसा र लैंगीक असमानता अन्त्य गर्न मुख्य प्राथमिकताकोरुपमा कार्यक्रम संचालन भईरहेको छ ।

**राजनैतिक परिवेशः**

डोटी जिल्लाको हालको सामाजिक, आर्थिक तथा राजनैतिक परिबेश हेर्दा बि.स. २०७९ सालको स्थानिय स्तरको चुनाब पश्चात नव निर्वाचित जन प्रतिनिधिहरुले पदभार ग्रहण गर्ने, समुदायमा भेटघाट कार्यक्रम गर्ने क्रममा रहेका छन । डोटी जिल्लाका ८ वटै स्थानिय तहहरुमा गाउ तथा नगर कार्यपालिका गठन गर्ने कार्य सबै स्थानिय तहहरुले सम्पन्न गरेका छन । हाम्रो कार्यक्षेत्रमा गठित समुहका ३१ जना उम्मेदवार महिलाहरु मध्ये ११ जना (द.म ८) महिलाहरु बिजय भएका छन । यस महिनामा डोटी जिल्लाको समन्वय समितिमा ९ जना पदाधिकारीहरु पनि पुरै टिम नेपाली काँग्रेस बाट निर्बिरोध निर्वाचित भएका छन । संस्थाद्धारा नव निर्वाचित जनप्रतिनिधिहरुलाई बधाई तथा कार्यक्रमहरुको बारेमा जानकारी गराउने क्रम जारी छ भने जनप्रतिनिधिहरु निर्वाचित भए पश्चात घरदैलो कार्यक्रम तथा हाल सम्म सम्पन्न भएका योजनाहरु र आगामि दिनमा गर्नु पर्ने योजनाहरुको छनोट कार्यमा व्यस्त रहदा पालिका स्तरका कार्यक्रमहरु संचालन गर्नमा समस्या आएको छ । हाल कार्यक्षेत्रमा बस्ति  स्तरिय योजनाहरु छनोट भई वडा तथा नगरपरिषद सम्पन्न भएको छ जसमा कार्यक्षेत्रमा गठित महिला अधिकार मंच, किशोरी समुह र महिला समुहद्धारा ८४ वटा महिला मैत्रि, बालबालिका मैत्रि योजनाहरु पेश भएका छन । मअमले समुदाय स्तरिय कार्ययोजना निमार्ण गरि महिलाहरुको कार्यबोझमा कमि ल्याउने र महिलाहरुलाई सिपमुलक कामका साथै आयआर्जनका काममा लगाउने योजनाहरु पेश गरिएका छन ।  बिद्यालयहरुमा बार्षिक परिक्षा तथा नतिजा प्रकाशन पश्चात कार्यक्षेत्रका बिद्यालयहरु संचालनमा आएका छन । समुदायमा बिद्यालयका प्र अ, शिक्षकहरु बिद्यार्थीहरु र महिला समुह, बालकल्ब, किशोरी समुह, महिला अधिकार मंचका सदस्यहरुद्धारा बिद्यालय भर्ना अभियान संचालन गरेका छन । हाल बिद्यार्थीहरु भर्ना हुने क्रम जारी नै रहेको छ भने बिद्यालयमा सबै पाठ्यपुस्तक नपुगि सकेको अवस्थामा मोबाइलद्धारा पनि पाठ्यक्रम डाउनलोड हुदै पढाई अगाडि बढि रहेको छ । दि सि न पा डोटीले हाल कार्यक्षेत्रका ८ वटा बिद्यालयमा वाइफाई जडान गरि दिएको छ । जसले गर्दा शिक्षकहरुलाई नेटको प्रयोगद्धारा पठन पाठन गराउनमा सहयोग पुगेको छ ।

**आर्थिक परिवेश :**

समुहमा रहेका महिलाहरु सानाखाले व्यवसायमा आबद्ध हुदै आएका छन । यस अवधिका समुहका १६६ जना महिलाहरुले बाख्रा, कुखुरा, बंगुर पालन तथा किराना पसल, तरकारी खेतिबाट माषिक ५ देखि ३० हजार सम्म पनि आम्दानी गरि घर खर्च चलाउने, बालबच्चाहरुका कापि, कलम, ड्रेस, किन्ने गरेका छन भने माषिक रुपमा रु १००० सम्म पनि बैंकमा जम्मा गर्ने गरि रहेका छन । तरकारी खेतिमा आबद्ध किसानहरु वर्षे बिउँ छर्ने, रोपाइ गर्ने काममा व्यस्त रहेका छन भने संग संगै तरकारीका नयाँ बेर्ना छर्ने, नर्सरी व्यवस्थापन गर्ने कार्य गरि रहेका छन । दि सि न पामा रहेको प्रगति महिला समुहकि सदस्य लक्ष्मी पार्किले संस्थाको पहलमा भेटनरीबाट बाख्रा पालन व्यवसायमा सहयोग प्राप्त गरेकि छन (४ वटा) । यसका साथै यस अवधिमा डोटी जिल्लाका प्रत्येक पालिकाहरुमा कृषि ईकाइद्धारा धान, मकैको बेर्ना, तरकारीका बिउँहरु र आँप, सुन्तला, कागती, लिचि, अमिलो, अम्बा, नास्पती, अनार जस्ता फलफुलका बुट्टाहरु बितरण गरिएको छ ।

मअमले पेश गरेको आबेदनलाई कृषि ईकाईले सम्बोदन गर्दै समुहका ११२ जना (द ४६) अगुवा कृषकहरुले पनि लाभ प्राप्त गरेका छन ।

**सामाजिक तथा सांस्कृतीक परिबेश :**
यस अवधिमा महिलाहरुको कार्यबोझमा बृद्धि नै रहेको छ । घरायसि तथा खेतबारीको काममा पुरुषहरुले सघाउने भएता पनि यस पटक पुरुषहरुको कार्यबोझ पनि १३ देखि १४ घण्टा बढेको छ । यस अवधिमा डोटी जिल्लामा हिंसाको प्रकृति हेर्दा जिल्ला प्रहरी कार्यालयमा ३ वटा गालिगलैचा तथा कुटपिट, ४ वटा घरेलु हिंसा र २ वटा जबरजस्तीकरणीका घटनाहरु दर्ता भएका छन । ३ वटा मुद्धाहरु फर्चूट भई सकेका छन भने ६ वटा मुद्धाहरु कानुनी प्रक्रियामा अगाडि बढाइएका छन । जिल्ला अस्पताल डोटी अन्तरगत रहेको एक द्धार संकट व्यवस्थापन समिती को टोल फ्रि नम्बर बाट यस अवधिमा ३ वटा घटनाहरु दर्ता भई कानुनी प्रक्रियामा अगाढी बडेका छन । दिपायल सिलगढी नगरपालिका वडा नं ७ मा चुनाबि रिस बोकेर अबैध रुपमा जाड रक्सी तथा गाँजाको व्यपार हुदा समुदायमा दैनिक झै झगडा हुने, घरेलु हिंसाका घटनाहरु बढ्ने गरेको हुदा समुहका महिलाहरुद्धारा जाड रक्सी तथा गाजा नियन्त्रण घरदैलो अभियान गरिएको छ । अभियानमा समुहका महिलाहरुले समुदायमा अबैध रुपमा गाजा र रक्सी बिक्री बितरण गरे कानुनी प्रक्रिया जाने चेतावनी दिएको हुदा अहिले उक्त कार्य रोक्न सफल भएका छन । यसरी चुनाबि माहोलमा बिग्रीएको मनमुटाबले समुदायमा झै झगडाका घटनाहरु बढि रहेको अवस्थामा समुहमा महिलाहरुद्धारा मेलमिलापका कार्यहरु भई रहेको छ । यसका साथै यस महिनामा कार्यक्षेत्रमा पुजा पाठ बढि हुने गर्दछ ।

## २. प्रमुख परिवर्तनहरू

### २.१ प्राथमिकता नं १:लैंगिक असमानता एवम महिला तथा बालिकामाथि हुने लैंगिक विभेद अन्त्य गर्न नारीबादी नेतृत्व विकाश तथा महिलाहरुको संगठन निर्माण गर्ने ।

❖ परिवेश विश्लेषण गर्ने (हाम्रो प्राथमिकता र कामसंग सम्बन्धीत मात्र)
बिभिन्न राजनैतिक दलहरुमा महिलाहरुको चासो बढ्दै गएको छ । स्थानिय स्तरको चुनावमा समुहका ३१ जना महिलाहरुले विभिन्न पार्टिहरु बाट टिकट पाई ११ जना महिलाहरु निर्वाचित भएका छन । साथै ६८ जना महिलाहरुले स्वइच्छाले बिभिन्न राजनैतिक दलमा सदस्यता लिएका छन ।बस्ति तथा वडा स्तरका योजनाहरु छनोट हुदा महिलाहरुले बढि चासो देखाउने भेलामा सहभागि भई महिलाहरुको कार्यबोझमा कमि ल्याउने योजना तथा महिला मैत्रि योजनाहरु पेश गर्ने गरेका छन ।ज्यालामा भएको बिभेद बिरुद्ध आवाज उठाउदै दि सि न पा ४ का श्रमिक महिलाहरुले नगरपालिका ज्ञापन पत्र पेश गरेका छन । ज्ञापन पत्रमा ज्यालामा समानता, कार्यस्थलमा हुने सुरक्षा, स्तनपान कक्ष, सुरक्षाका साम्रागी सहयोग जस्ता बुदाहरु समाबेश गरिएका छन । जिल्लामा महिला माथि हुने गरेका हिंसाका घटनाहरु बढ्दो क्रममा रहेका छन भने महिला अधिकार मंचको पहलमा यस महिना जिल्लामा ९ वटा र न्यायिक समितिमा १६ वटा घटनाहरु दर्ता भएका छन ।बालबिवाह रोक्न किशोरी समुहका सदस्यहरु आफै सक्षम हुन थालेका छन । भने महिला अधिकार मंच र किशोरी समूहको पहलमा साना खाले हिंसाहरु समूहमै मिलाउने गरेका छन । सेवा प्रदाय निकायहरुमा महिलाहरु आफ्ना माग दाबि गर्न सक्ने भएका छन भने समुह भन्दा बाहिरका अन्य महिलाहरु अझै राज्यले दिने सेवा सुबिधाबाट बञ्चित भएका छन ।

**प्राथमिकता १ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु**

- **हामीले गरेको कामबाट यौन, प्रजनन् स्वास्थ्य एबम लैंगिक उत्तरदायी सार्बजनिक सेवाको सुनिश्चितता तथा प्रवर्द्धन गरी महिलाको कार्यबोझ घटाउने, पहिचान दिने तथा कार्य बिभाजनका लागि भएका नमूना वा उदाहरणिय परिवर्तनहरु के कस्ता देखिए तथा उक्त प्रभाव वा परिबर्तन ल्याउनका लागि हाम्रो भूमिका के कस्तो रह्यो ?**

रिफ्लेक्ट सर्कलमा गरिएको नियमित छलफल तथा समुदायमा यौन तथा प्रजन्न स्वास्थ्य सम्बन्धि सचेतनामुलक अभियान र सरोकारवाला निकायहरुसंगको समन्वय र सहकार्य र स्वास्थ्य चौकिमा सुत्केरी सेवा प्रभावकारी बनाउन डेलिबरी बेड, सरसफाईकाका लागि धारा सहितको आधुनिक ड्रम सहयोग पश्चात कार्यक्षेत्रका गर्भवती महिलाहरुका लागि प्रत्येक महिना भिडियो एक्सरे सेवा निशुल्क भएको छ जसले गर्दा गर्भमा रहेको बच्चा र आमामा हुन सक्ने खतराबारे जानकारी पाउन सहज हुनुका साथै गाउँबाट जिल्ला अस्पताल सम्म आउन लाग्ने गाडि खर्च जुटाउन बिपन्न परिवारका

महिलाहरुले साहुको घरबाटख ऋिण निकाल्नु पर्ने अवस्थामा कमि आएको छ भने होम डेलिबरि शुन्यमा झरेको छ। यस अबधि सम्म कार्यक्षेत्रका ११२ जना गर्भवती महिलाहरुले कार्यक्षेत्रका विभिन्न स्वास्थ्य संस्थाहरु बाट उक्त सेवा प्राप्त गरिरहेका छन ।

महिलाहरुको प्रजन्न स्वास्थ्य सम्बन्धि समस्याहरुको बारेमा रिफ्लेक्ट सर्कलमा गरिएको छलफल पश्चात कार्यक्षेत्रका ९८ जना महिलाहरुको आङ खस्ने र सेतो गनाउने पानी बग्ने समस्या रहेको हुदा संस्थाद्धारा जिल्ला अस्पताल डोटी संग समन्वय र सहकार्य गरि सिबिर संचालन गरिएको थियो। जसमा आङखस्ने समस्या भएका ७४ जना महिलाहरुको सफल रुपमा निशुल्क सल्यक्रिया भएको थियो भने अन्य २४ जना प्रजन्न स्वास्थ्य समस्या रहेका महिलाहरुले पनि निशल्क उपचार सेवा प्राप्त गरेका थिए।

बिगतका वर्ष देखि नै महिलाहरुको कार्यबोझमा कमि ल्याउनको लागि संस्थाद्धारा समुहका सहजिकरण र सरोकारवाला निकायसंग समन्वय र सहकार्यमा सुधारिएको चुलो जडान , ऐलानी रहेको बाझो जमिनमा गरेको बृक्षारोपण तथा खाने पानी टंकि निमार्ण, मिल र थ्रेसरको सहयोग पश्चात यस अबधिमा कार्यक्षेत्रका २५६ घरधुरीका महिलाहरुको कार्यबोझमा कमि आएको छ भने महिलाहरुले योजना निमार्णका कार्यहरुमा नेतृत्व लिएका छन । यस अवधिमा समुहका २६ जना द १२ जना महिलाहरुलाई सकिय सामाजिक अभियानता बन्दै हिंसा तथा अन्यायका बिरुद्ध आवाज उठाउन सक्ने भएका छन ।यस अर्धबर्षिकमा समुहका ८२ जना दलित र ४५ जना महिलाहरु सडकबाटो, खानेपानी निमार्ण, कुलो निमार्ण, बन उपभोक्ता समितिमा आबद्ध भएका छन । यस मध्ये समुहका २० जना दलित र १८ जना अन्य महिलाहरु मुख्य पदमा नेतृत्व लिदै ८ लाख सम्मको योजनाका कामहरु संचालन गर्न सक्ने भएका छन । अहिले सम्मका वर्षहरुमा पुरुषहरुले मात्र ठुलो योजनाका कामहरुमा नेतृत्व लिने र एक दुई जना महिलाहरुले मात्र उक्त योजना संचालन गर्ने आट गरेका थिए भने यस पटक समुदायमा नेतृत्व लिने महिलाहरुको लहर बढ्दो अवस्थामा रहेको छ। महिला अधिकारको सुनिश्चिताका लागि समुहका महिलाहरु सरोकारवाला निकायहरुमा दबाब गर्ने सामाजिक कार्यमा संलग्न हुने र आफ्नै नेतृत्वमा योजनाका कामहरु सम्पन्न गर्न सक्ने भएका छन ।

| संरचना | द.म. | अन्य म. | जम्मा |
|---|---|---|---|
| खा.पा. उ.स. | १७ | २६ | ४३ |
| कुलो निमार्ण | १० | २५ | ३५ |
| सडक बाटो मर्मत | १२ | २१ | ३३ |
| बन उपभोक्ता समिति | ६ | १० | १६ |
| जम्मा | ४५ | ८२ | १२७ |

संस्थाद्धारा महिलाको कार्यबोझमा कमि ल्याउन गरिएका असल अभ्यासहरुलाई सिकाई तथा असल अभ्यासको रुपमा लिदै स्थानिय तहका नव निर्वाचित जनप्रतिनिधिहरुको पनि चासो बढे संगै यस पटकको वडा भेलामा दि सि न पा ४ र ५ का वडा अध्यक्षहरु आफैले सम्भाबित ठाउँमा गहुँ चुट्ने थ्रेसर र हाते ट्याक्टर दिने योजना पेश गरेका छन ।

के आई सिं गा पा ७ बलरगाउमा स्थापना गरिएको शिशु स्याहार केन्द्र निरन्तर रुपमा संचालनमा आएको छ जसमा ३० जना बच्चाका आमाहरुको कार्यबोझमा कमि आई गाउँठाउँमा भएका विभिन्न संरचनाहरुमा उनिहरुको नेतृत्व बढदै गएको देखिन्छ। यसका साथै अन्य समुहका महिलाहरुको कार्यबोझमा कमि भई समुदायका अन्य संरचनाहरुमा सहभागिता बढेको छ।

हामी दलित, गरिब तथा विपन्न परिवारले पनि आफ्नो अधिकार पाउनु पर्छ भनेर खानेपानी निर्माण समितीको अध्यक्ष पदमा दावि गरेकी थिए र अध्यक्ष बन्न सफल पनि भए। जसले गर्दा बर्षौ देखि खानेपानीको अभाव बाट जिवन गुजारी रहेका ७ घुरधरी रहेको दलित परिवारहरु अहिले खानेपानी ल्याउन सफल भएकी छु। पहिलेका दिनहरुमा पुरुषहरु गोप्यमा उपभोक्ता समितीहरु निर्माण परि महिलाहरुलाई घरमै गएर हस्ताक्षर गराउथे, अहिले हामि महिलाहरुले वडा कार्यालयहरुमा दवाब दिई उपभोक्ता समितीमा महिलाको अनिवार्य रुपमा प्रमुख पदमा राख्नु पर्‍यो भनि अवाज उठाउदा राम्रो र दिगो काम गर्न सफल भएकी छु स

ममता पार्की

शिखर २ मडेगाउ

यस अबधिमा कार्यक्षेत्रका ९४ (४८ दलित) परिवारमा महिलाहरुको घरायसिकामको बाडफाड भएको छ घरको सबै कामहरु महिलाहरुले मात्रै गर्नु पर्छ र त्यो नै उनिहरुको कर्तव्य हो भन्ने सोच अब पुरुषहरुमा बिस्तारै हट्दै गएको पाइन्छ। समुदायमा कुनै कार्यक्रम संचालन गर्दा महिलाहरुको कार्यक्रम हो भनेर कार्यक्रमहरुमा सहभागिता नै नहुने पुरुषहरु अहिले महिलाहरको घरायसि काममा सहयोग गर्न थालेका छन ।

- **हामीले गरेको कामबाटमहिला बिरुद्ध हुने हिसां जस्तै छाउपडी, बालबिबाह, कुटपिट र अन्य प्रकारको हिंसा न्यूनीकरणमा के कस्तो सहयोग पुग्यो तथा के कस्ता प्रभाव तथा परिवर्तनहरु देखिए?उक्त प्रभाव वा परिबर्तन ल्याउनका लागि हाम्रो भूमिका के कस्तो रह्यो?**

कार्यक्षेत्रमा बिगतका वर्ष देखि नै छाउँपडि प्रथा, न्युनिकरणको लागि सचेतनामुलक तथा दबाबमुलक अभियानहरु संचालन भईरहेका छन भने स्थानिय निकाय, सरोकारवाला सबै निकायहरु संगको सहकार्य र समन्वय, समुदायमा गठित किशोरी समुहका सदस्यहरुलाई सेनेटरी प्याड निमार्ण तालिम पश्चात यस अबधिमा कार्यक्षेत्रका ८६ जना किशोरीहरुले आफै घरमा सेनेटरी प्याड बनाउने र प्रयोग गर्ने गरेका छन, जसले गर्दा महिनावारी भएको समयमा ढुक्कका साथ बिद्यालय जाने गरेका छन । पैसाको अभावमा प्याड प्रयोग गर्न नसकिने जसले गर्दा बिद्यालय जान लजाउने पहिले जस्तो अवस्था अब किशोरीहरु रहेन भने आफुले घरमा तयार गरेको प्याडलाई सस्तो मूल्यमा बिद्यालयमा अरु साथिहरुसंग पनि ब्रिकि गर्दा केहि आम्दानी पनि गरिरहेका छन । यसका साथै यस अबधिमा समुहका ७६ जना महिलाहरु सुरक्षित स्थानमा सुत्ने र पोषिलो खानेकुरा खाने गरेका छन ।

महिला, किशोरीहरु माथि जबरजस्ती करण, कुटपिट, हत्या हिंसा जस्ता घटनाहरु बढ्दै गएको अवस्थामा समुदायमा गठन गरिएका किशोरी समुह,महिला अधिकार मंच र रिफ्लेक्ट सर्कलका सदस्यहरुले समुदायमा हुने गरेका घटनाहरुलाई संचारको माध्यम द्वारा सुचना आदान प्रदान गर्ने र सरोकारवाला निकायहरुलाई जवाफ देहि बनाउने कार्य गर्दै आइरहेका छन । श्रीमानले जति सुकै गालि गलौच, कुटपिट गरे पनि चुपचाप सहनु पर्छ । यसको बिरुद्धमा बोल्दा समुदायका मानिसहरुले के भन्छन र मलाई सबैले हेर्ने दृष्टिकोण के होला भन्ने डर अब महिलाहरुमा रहेन । यस अबधिमा जिल्ला अस्पताल डोटी अन्तरगत रहेको एक द्धार संकट व्यवस्थापन समिती को टोल फ्रि नम्बर तथा मअमकोसहयोगमा यस अबधिमा १ वटा हत्या, १२ वटा घरेलु हिंसा तथा कुटपिट, १ वटा बालविवाह र ४ वटा ज.ज.क. गरि जम्मा १८ मुद्धाहरु न्यायीक समिति तथा प्रहरी कार्यालयमा दर्ता भएका थिए भने जस मध्ये ११ वटा मुद्धाहरु फर्चौट भई ७ वटा मुद्धाहरु कानुनी प्रकियामा रहेका छन




मन्दिरका पुजारी तथा धामि, झाक्रिहरु र भडाणीहरुसंगको नियमित बहस, कानुनी सचेतना तथा चेतावनि पश्चात वर्षौ देखि वर्त बसेर मन्दिरमा पुग्दा मन्दिर भित्र पस्न पाउनु त के भगवानको प्रसाद समेत खान नदिने परम्परालाई तोड्दै दि सि न पा ५ पुन्ना र शिखरन पा १ कपल्लेकीमा महिलाहरुले मन्दिर भित्र गएर पुजा गर्न पाउने भएका छन । शिखर नगरपालिका वडा नं. १ कपल्लेकीमा १२ वर्ष पछि लागेको होममा गैर दलित संगै गएर दलित महिलाहरुले पुजा गर्न पाउदा खुसि भएको जगुली नेपालीको भनाई रहेको छ ।

संस्थाको आर्थिक सहयोग र पालिका संगको सहकार्य तथा पालिकाको नेतृत्वद्धारा के आई सिं गा पा द्धारामा रेफरल पाथवयको निर्देशिका तयार भई हिंसामा परेका महिलाहरुको न्यायँमा पहँच बढाउनको लागि ५० हजारका दरले GBV कोष स्थापना भएको छ भने दि सि न पा र के आई सिं गा पा ले यस वर्ष उक्त कोषमा हिंसा पिडित महिलाहरुको लागि रु ५० हजार छुट्याएको छ।

- **महिलाश्रमिक तथा गृहश्रमिकहरुको पेशागत सुरक्षा तथा ज्यालाको विभेद अन्त्य गर्ने सन्दर्भमा हामीले गरेका कामहरुले के कस्तो प्रभाव वा परिबर्तन ल्यायौ? सो प्रभाव वा परिबर्तन ल्याउनका लागि हाम्रो भूमिका के कस्तो रह्यो?**

ज्यालामा भएको असमानता, महिलाहरुको स्वास्थ्य सुरक्षा र ज्यायोचित ज्यालालाई अभियानको रुपमा अगाढी बढाउन यस अवधिमा कार्यक्षेत्रमा ६ वडा श्रमिक महिलाहरुको गठन गरिएको छ । जस अनुसार ज्यालामा भएको बिभेद बिरुद्ध आवाज उठाउदै दि सि न पा ४ का श्रमिक महिलाहरुले नगरपालिका ज्ञापन पत्र पेश गरेका छन । ज्ञापन पत्रमा ज्यालामा समानता, कार्यस्थलमा हुने सुरक्षा, काम गर्ने ठाउमा स्तनपान कक्षको स्थापना, सुरक्षाका साम्रागी सहयोग जस्ता बुदाहरु समाबेश गरिएका छन ।

यसै गरि अहिले समान प्रकृतिको काममा स्थानिय अधिकार कार्यक्रमको कार्यक्षेत्र के आई सिंह गाउपालिका वडा नं. ४, ६ र ७, शिखर नगरपालिका वडा नं. १, २, ३ र ४ मा पहिले महिलाको ज्याला ४ सय र पुरुषको ज्याला ५ सय रहेकोमा अहिले आएर महिला र पूरुषको ज्यालामा समान भई समान प्रकृतिको काममा समान ज्याला पाउन थालेका छन, अहिले ज्यालामा समान भई ६ सय पाउन थालेका छन । अझै महिलाहरुले नेतृत्व रहेको कामहरुमा महिलाले समान ज्याला दिने र काम पनि दिगो हुने गरेको छ । त्यसै गरि योजनाका कामहरुमा महिलाहरुको नेतृत्व बढे पश्चात ज्यालादारी काम गरेर खाने महिलाहरुलाई काम गर्ने क्षेत्रमा सहज, सरल र सुरक्षित वातावरण सृजना भएको छ ।

○ **अन्य कुनै भएमा (If anything)**

यस अवधिमा महिलाहरुको सम्पत्तिमा अधिकार स्थापित गराउने उद्देश्यले समूहको नियमित बैठकमा एकल वा संयूक्त लालपुर्जा सम्बन्धिको छलफल, कानुनी प्रावधान र सहजीकरण बाट यस अवधिमा समुहका १४ जना महिलाहरुले एकल र २ महिलाहरुले संयूक्त गरि जम्मा १६ जना महिलाहरु लालपुर्जा बनाउन सफल भएका छन जसले गर्दा महिलाहरुको सम्पति माथिको अधिकार स्थापित भएको छ ।

स्थानिय निकायको सहकार्य र समन्वयमा समुहमा रहेका १०२ घरधुरीका बृद्धबद्धाहरुलाई न्यानो ओड्ने कपडा प्राप्त र १/१ थान मास्क प्राप्त गरेका छन ।

प्राथमिकता नं १ अन्तर्गत भौतिक निर्माण तथा जिवीकोपार्जनका लागि गरिएका पहलहरु

| **क्रियाकलाप** | **स्थान** | **लाभान्वित संख्या** | **आर्थिक सहयोग** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| महिलाको कार्यबोझमा कमि ल्याउन खानेपानी पाईप सहयोग | शिखर नगरपालिका वडा नं. १ र २ | १०१ | ५४,०००। | | | | ५४,०००। |
| यौन तथा प्रजनन अधिकार सुनिश्चितताको लागी बर्थिङ सेन्टरमा विभिन्न उपकरणहरु सहयोग गर्ने | शिखर नगरपालिका वडा नं. ४ र दि.सि.न.पा. ५ | ६७८ | ११०,०००। | | | | ११०,०००। |

**प्राथमिकता नं १ अन्तर्गतका कार्यक्रमहरु यो अवधीमा संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पर्‍यो ?**

- समूदायमा गरिब, दलित महिलाहरु श्रीमान संगै कामको सिलसिलामा भारत जाने गर्ने भएकाले दलित महिलाको सक्रियता र नेतृत्व बढाउन कठिनाई हुनु ।
- समूह भन्दा बाहिरका महिलाहरु हिंसाका सवालमा खुलेर आउन नसक्दा अभियानहरु गर्न कठिनाई हुनु ।
- श्रमिक महिलाहरुका सवालहरुलाई लिई ठेकेदारहरु संग छलफल गर्दा श्रमिक महिलाहरुलाई काम उचाल्ने काम गरेको आरोप लगाउने ।

**यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र किन ?**

- हिंसाबाट प्रभावित महिलाहरुको कानुनी उपचारका लागी सबै भन्दा पहिला समुदाय र व्यक्ति स्वयंम एकता हुनु जरुरी छ जसले मुद्दा अघि बढाउन र दवाव सिर्जना गर्न सहज हुन्छ ।
- दलित, गरिब महिलाको नेतृत्व तहमा पहुच पुर्‍याउनको लागी सपोर्टका कार्यक्रमहरुलाई अगाडी बढाई व्यवसायमा संलग्न गराउनु पर्ने ।

- श्रमिक महिलाका सवालहरुमा काम गर्दा वा अभियानहरु संचालन गर्दा निर्माण व्यवसायि संघको माध्यम बाट अगाढी बढ्नु पर्ने ।

**घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने)**

### "छाउपडि प्रथाको अन्त्य गर्न मेरो प्रयास"

मेरो नाम माया पार्की हो म अहिले १५ की भए र म कक्षा १० मा पढ्छु ।मेरो घरमा आमा वुवा, दाई भाउजु र म गरेर ५ जना को परिवार छ । मेरो घर शिखर नगरपालिका वडा नं. २ मुडेगाँउ पर्छ । म ११ वर्षकी हुँदा महिनावारी भएकी थिए । त्यस वेलामा मलाई आमा अलग सुताउने, दही दुध खान नदिने , वाहिरको भारी वोक्ने काममा लगाउनु हुन्थो । त्यतीवेला समुदायका सवै घर परिवार त्यस्तै अवस्था रहेकाले म आमाको कुरा काट्न सक्दैनथे । जव म सम विकास केन्द्र(ईडिसि) नेपाल द्वारा संचालित स्थानिय अधिकार कार्यक्रम अन्तर्गत यस शिखर नगरपालिका वडा नं.२ मुडेगाँउमा रहेको प्रगतिशिल किशोरी समुहमा आवद्ध भए मैले किशोरी समुहमा सेनेटरीप्याड बनाउने तरिका, छाउपडि भएको समयमा महिला तथा किशोरी भोग्नु परेको समस्या र यसका कानुनी व्यवस्था सम्वन्धी र छाउपडि एक कुप्रथा हो यसले किशोरीहरुमा निम्त्याउन सक्न खतराहरुका वारेमा थाहा पाए र मेरो क्षमता विकास भयो । । म छाउपडि प्रथा विरुद्धको अभियानमा संलग्न भए । मेरो समुदायमा रहेको छाउपडि प्रथाका कारणले स्वयंम मलाई नै मेरो आमाले अलग सुताउने, दही दुध खान नदिने गरेर मैले महिनावारी हुँदा भोगेको समस्या अरु किशोरीहरुले भोग्न नपरोस् भनि छाउपडि प्रथा विरुद्धको अभियानमा लागे र समुदायलाई परिवर्तन गर्नु भन्दा पहिले आफु र आफ्नो घरवाटै छाउपडि प्रथा विरुद्धको अभियानको सुरुवात गरे । मैले आमालाई छाउपडि प्रथाका वारेमा रहेको सोच परिवर्तन गर्न थाले आमामा पहिलेको परम्परागत सोचका कारण आमालाई परिवर्तन गर्न त्यति सजिलो थिएन । तै पनि आफ्नो अभियानलाई निरन्तरता गरि रहे । मैले आमासंग छाउपडि एक कुप्रथा हो यसले किशोरीहरुमा निम्त्याउन सक्न खतराहरुका वारेमा सम्झाउन थाले यसै समयमा आमा यसै संस्था द्धारा गठित प्रतिभा रिफ्लेक्ट समुहमा आवद्ध हुनु भयो । यस समुहमा पनि महिवारी , हिंसाका वारेमा छलफल हुने गर्थे । आमालाई धेरै सम्झाए पछि आमाले मलाई आफ्नै कोठामा सुत्न दिनु भयो र मेरो आत्मावल वढ्न थाल्यो । अझै मैले घर परिवारमा छाउपडि प्रथाको अन्य विभेदलाई हटाउनु पर्छ भन्ने लाग्यो र मैले महिनावारी भएको पहिलो दिन देखि नै दहि दुध खान थाले यसरी मैले मेरो घरमा परिवर्तन गरे र म जस्तै किशोरी तथा महिलाहरुले यस्ता समस्या सहन नपरोस भनि किशोरी समुहवाट समुदायमा छाउपडि प्रथा विरुद्ध अभियान संचालन गऱ्यौ तर समुदायलाई परिवर्तन गर्न त्यति सजिलो थिएन तर हामी छाउपडि प्रथा विरुद्धको अभियान समुदायमा संचालन गरि रह्यौ धेरै प्रयास पछि समुदायका २५ घरका किशोरीहरु पनि घर भित्र सुत्ने पोषिलो खाने कुरा खान थाले । अहिले म आफु पढ्ने बिद्यालय र सुमदायमा पनि छाउपडि प्रथा, वाल विवाह विरुद्ध विभिन्न कार्यक्रमको अवशरमा जानकारी दिने काम गर्दछु । म किशोरी समुहमा आवद्ध भएदेखि म मेरो परिवारका सदस्यहरु संग आफ्नो कुरा राख्न सक्ने भएकी छु । छाउपडि प्रथा विरुद्धका् अभियानमा लाग्दा समाजवाट पनि गाली खाइयो, नराम्रो भइयो धेरै वाधाहरु आए त्यसलाई सामाना गर्दै अगाडि वढे जसका कारण अहिले मेरो समुदायमा छाउपडि प्रथा मान्नु हुदैन भन्ने सोचको विकास भयो । मेरो परिवारवाट मलाई धेरै सहयोग गर्ने गरेका छन् जसले मलाई हौसला प्रदान भएको छ । छाउगोठ बस्दा कति बेला उज्यालो होला भनेर तड्पिने दिन गए । महिनावारी भएको समयमा घर भित्र नै लुकेर बस्नु पर्छ र बोट बिरुवा मानिस कसैलाई छुनु हुदैन भन्ने सोचमा परिवर्तन भएको छ ।



### "नेतृत्व सिप बिकास तालिम पाए पछि "

शिखर नगरपालिका २ मुडेगाँउ घर भएकि ममता पार्की सम बिकास केन्द्र नेपाल र एक्सनएड नेपालको सहकार्यमा संचालित स्थानिय अधिकार कार्यक्रम अन्तरगत गठित महिला अधिकार मञ्च सक्रिय सदस्य हुन । उनको घरमा श्रीमान , सासु,नन्द , २ छोरा र आफु गरि उनको ६ जनाको परिवार छ । माईतिघर शिखर नगरपालिका गोपघाँट रहेको र उनको

१९ वर्षको उमेरमा बिवाह भएको थियो । कक्षा १० मा पढ्दै गर्दा माइतीको आर्थिक अवस्था कमजोर भएकाले ममताको बिवाह भएको थियो । पढी , लेख्ने केहि गर्ने उनको सपना घरको काम र चुलो चौकोमा नै सिमित रह्यो । दिन भरि घरको काममा सिमित हुदा उनले बाहिरी संसारमा घुलमिल हुने मौका नै पाइनन् । यहि समयमा सम बिकास केन्द्र नेपाल र एक्सनएड नेपालको सहकार्यमा स्थानिय अधिकार कार्यक्रमद्धारा मुडेगाँउमा महिला अधिकार मञ्च गठन गरियो उनि त्यो समुहको सदस्य बनिन । समुहको माषिक बैठक हुन थाल्यो र समुदायमा संस्थाका कर्मचारीहरु आई नियमित वैठक वस्न थाल्यो बैठकमा हिंसा, वाल विवाह, नेतृत्व सम्वन्धी छलफल गरिन्थो । ममता समुहमा नागरिकता वनाउनु पर्छ भन्ने थाहा पाएपछि श्रीमानलाई भारतवाट वोलाएर नागरिकता वनाइन । समुहका सदस्यहरुको नेतृत्व क्षमता अभिबृद्धि गर्न कार्यक्रमवाट नेतृत्व सिप बिकास तालिमको आयोजना गरियो । ममताले नेतृत्व सिप बिकास तालिम पाइन । उनले तालिममा सिके अनुरुप नेतृत्व केहो ? नेता कसरी बन्ने अगुवाई कसरी हुने भन्ने कुरा आफुले सिकिन र अरुलाई पनि सिकाउन थालिन । यसरी उनले सम बिकास केन्द्र नेपालद्धारा दिईन बिभिन्न क्षमता बिकास सम्बन्धि तालिममा सहभागि हुने मौका पाइन ।




ममता भन्नु हुन्छ : सम विकास केन्द्रवाट मैले धेरै तालिहरुमा सहभागि भएकाले मेरो क्षमता विकास हुदै गयो र म भागेश्वर आधारभूत विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्य पद वस्न सके र विद्यालयको विकास का कार्यमा संलग्न हुदै गए । त्यस पछि म यसै विद्यालयमा शिक्षक अभिभावक संघको अध्यक्ष पदमा रही काम मौका पाए । मेरो समुदायको विकासका कार्य गर्ने इच्छा रहेकाले म २०७८ सालमा वाटो निर्माण उपभोक्ता समितिको सदस्य भए र उपभोक्ता समितिमा कसरी काम गरिन्छ भन्ने सिकाइ भयो र म खाने पानी निर्माण उपभोक्ता समितिको अध्यक्ष रहेर नेतृत्व गर्ने हिम्मत देखाए र हिम्मत देखाए अनुरुप मैले तोकिएको समय भन्दा छिटो , छरितो र दिगो हुने काम ग उक्त योजनामा काम गर्ने महिला तथा पुरुष कामदारलाई समान कामको समान ज्याला पनि बितरण गरे जसले गर्दा मैले सबैको मन जित्न सफल भए । मैले गरेको कामलाई सबैले सम्मान गरे । वडा कार्यालयले मेरो कामको प्रशंसा सहित योजनालाई पास गरे । यसरी मेरो नेतृत्व क्षमता बढ्दै गयो र वडा तथा पालिकाहरुले महिलाहरुको काममा बिश्वास लिन थाले मेरो हिम्मत र साहास देखेर समुदायका अन्य महिलाहरुले पनि यस्ता खाले योजनाहरुमा नेतृत्व लिन थालेका छन । म अहिले महिला सहकारी संस्थाको सचिव पदमा वसेकी छु ।

**ममता भन्छिन्**"मैले समुहको बैठकमा नियमित सहाभगि हुदा मैले नेतृत्व सिप बिकास तालिम पाउदा मेरो हिम्मत बढेको हो मलाई समुदायमा दलित भएकाले अपहेलित गर्ने र दलितले केही गर्न हुदैन भन्ने सोचलाई तोड्नका लागि मैले ठुलो हिम्मत गरेर अगाडि बढेर याहा सम्म पुग्ने साहस तालिम गोष्टीहरुबाट पाए । अहिले म बन उपभोक्ता समिति, आमा समुह, महिला समुह, महिला सहकारी, उपभोक्ता समिति र बित्तिय सहकारी बैंकहरुमा पनि आबद्ध रहेको छु र आफुले बिकासका योजनाहरुमा काम गरेर आम्दानी गरि बचत गर्न थालेकि छु ।"

नाम : सोभा पार्कि
ठेगाना : दि सि न पा ४ गैरा
उमेर : १९
छाउगोठ बस्दा कति बेला उज्यालो होला भनेर घडी हर्ने दिन गए । दि सि न पा ४ का किशोरीहरु महिनावारी हुदा बिद्यालय जाने सरसफाईमा ध्यान दिने , सेनेटरी प्याडको प्रयोग गर्ने, दहि दुध खाने, पोषिलो खाने कुरा खाने गरेका छन । महिनावारी भएको समयमा घर भित्र नै लुकेर बस्नु पर्छ र बोट बिरुवा मानिस कसैलाई छुनु हुदैन भन्ने सोचमा परिवर्तन भएको छ ।

मेरो नाम सोभा पार्कि हो मेरो मलाई अहिले १७ वर्ष भयो । म कक्षा १२ मा पढि रहेकि छु बाबा,आमा भाई बहिनी र म गरेर मेरो ६ जना को परिवार छ । मेरो घर दि सि न पा ४ गैरामा पर्छ । हाम्रो गाउँमा ५० घरधुरी दलित परिवार मात्र रहेको छ । पुर्खौ देखि नै दलित बस्ति हरेक क्षेत्रबाट पछाडि पारीएको छ । यहि भएका यहाका मानिसहरु आर्थिक र शैक्षिक रुपमा पछाडि परेका छन। यस्तै एउटा उदाहरण मेरो बस्तीको थियो । यहा सबै जना निरक्षर छन जस्ले जे भन्यो त्यहि कुरामा बिस्वास गर्दछन । महिनावारीलाई त झन अभिश्रापको रुपमा लिएका थिए । महिनावारी भएको समयमा किशोरी तथा महिलाहरुले घर भित्र बस्न नपाउने , मान्छे देखि बोट बिरुवा र जनावरलाई समेत छुन प्रतिबन्ध लगाईएको थियो । जब म ११ वर्षको उमेरमा पहिलो महिनावारी भए तब मलाई बिद्यालयमा जान दिइएन । सबै साथिहरु बिद्यालय

गएर पढ्थे । मलाई भने सुर्यको किरण पर्नु हुदैन भनेर एउटा गोठमा २२ दिन सम्म सिमित राखिएको थियो । साथिहरु बिद्यालय जादा मलाई पनि पढ्न साथिहरु संग खेल्न मन पर्दथ्यो तर जान पाएन म दिन भरि कोठामा रोएर बस्ने गर्दथे । राति कुनै दिन साथिहरु कुर्न भनेर आउथे भने कुनै दिन गोठमा भुतले तर्साउछ भनेर आउदैन थिइ । अनि मैले कति रात एक्लै रुदै कटाउने गर्दथ्ये बिहान कति बेला उज्यालो होला भनेर म घडि हेरर बस्थे बाहिर मान्छे बोलेको आवाज सुन्दा मलाई बाचे को महसुश हुने गर्दथ्यो म जस्तै अरु किशोरीहरुको एउटै कथा थियो ।

 सन २०१७ मा हाम्रो समुदायमा सम बिकास केन्द्र नेपाल र एक्सनएड नेपालको साझेदारीमा संचालित द महिला नेटवर्क परियोजना र स्थानिय अधिकार कार्यक्रम द्धारा किशोरी समुह गठन गरियो । म बोल्नमा कडा स्वभावको हुदा मलाई समुहको अध्यक्ष बनाइयो । समुहमा आबद्ध हुदा मैले धेरै कुराहरु सिक्ने मौका पाए जस अन्तरगत बालबिवाह, महिला हिंसा, छाउपडि प्रथाको बारेमा सिकाउने गर्दथे र ति बिरुद्ध बिभिन्न सचेतनामुलक अभियानहरु गरिन थाले जसले गर्दा  समुदायमा सबै जना सचेत हुदै गए यस परियोजना अन्तरगत हाम्रो गाउँमा महिला समुह पनि गठन गरिएको हुदा आमाहरु पनि छाउपडि प्रथा बिरुद्ध सचेत भएका जसले गर्दा हाम्रो समुहलाई समुदायमा यस प्रथाबिरुद्ध सचेत गराउन निकै मदत पुगेको थियो । समुहमा सेनेटरीप्याड बनाउने तरिका पनि सिकाएको थियो ।

अहिले म महिनावारी हुदा निर्धक्क साथ दहि दुध खाने ,घर भित्र सुत्ने र बिद्यालय जाने गरेकि छु ।  म जस्तै समुदायका अरु किशोरीशरु पनि घर भित्र सुत्ने पोषिलो खाने कुरा खाने र बिद्यालय जाने गरेका छन । अहिले म आफु पढ्ने बिद्यालयमा पनि यस प्रथा बिरुद्ध बिभिन्न अतिरिक्त क्रियाकलापको अवशरमा जानकारी दिने काम गर्दछु , सबैको सकारात्मक धारणा आउदा मलाई निकै खुसि लाग्छ । बोट बिरुवा समेत छुन नदिने मेरी आमा अहिले मलाई  आफ संगै भित्र सुताउने हुन्छ । यो सबै परिवर्तन हुनमा मेरो समुह र संस्थाको ठुलो हात रहेको छ ।

**प्राथमिकता नं १ को बजेट विवरण (जनवरी देखि जूनसम्म)**

| स्विकृत बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|
| १९१७७१४ | ६८२६३३ | ३५ |

## प्राथमिकता नं २:गुणस्तरीय सार्बजनिक शिक्षालाई सबै बालबालिकाको आधारभूत अधिकारका रुपमा विकाश गर्ने ।

परिवेश विश्लेषण गर्ने (हाम्रो प्राथमिकता र कामसंग सम्बन्धीत मात्र)

विद्यालयहरुमा बार्षिक परिक्षा तथा नतिजा प्रकाशन पश्चात कार्यक्षेत्रका सबै विद्यालयहरु संचालनमा आएका छन । समुदायमा बिद्यालयका प्र अ, शिक्षककहरु बिद्यार्थीहरु र महिला समुह, बालकल्ब, किशोरी समुह, महिला अधिकार मंचका सदस्यहरुद्धारा बिद्यालय भर्ना अभियान संचालन गरेका छन । हाल बिद्यार्थीहरु भर्ना हुने कम जारी नै रहेको छ भने बिद्यालयमा सबै पाठ्यपुस्तक नपुगि सकेको अवस्थामा ईन्टरनेट द्धारा पनि पाठ्यकम डाउनलोड हुदै पढाई अगाडि बढि रहेको छ । कार्यक्षेत्रका सबै बिद्यालयमा सेनेटरी प्याडको व्यवस्था भए संगै किशोरीहरु सहजरुपमा विदालयमा प्याड प्रयोग गर्न थालेका छन । साथै दिवाखाजाको व्यवस्था भए संगै सार्वजनिक बिद्यालयहरुमा बिद्यार्थि भर्ना दर बढ्न थालेको छ । दि सि न पा डोटीले हाल कार्यक्षेत्रका ८ वटा बिद्यालयमा वाइफाई जडान गरि दिएको छ । जसले गर्दा शिक्षकहरुलाई नेटको प्रयोगद्धा पठन पाठन गराउनमा सहयोग पुगेको छ ।कार्यक्षेत्रका सरकारी विद्यालयहरु नेपाल सरकारको निर्णय बमोजिम हप्तामा दुई दिन विदा दिने निर्णय खारेज भए संगै हप्तामा एक दिन बिदा भई अरु ६ दिन पठन पाठन भईरहेका छन । अहिले समूदायमा विद्यार्थीका अभिभावकहरु आफ्नो खेतिपातिको काममा लागे संगै विदालयमा विद्यार्थीहरुको उपस्थितीमा कमि आएको छ । टट्कारो गर्मि बढ्दै जानु र बिद्यालयमा पनि खाने पानीको अभाव भएकाले बालबालिकाहरुलाई पठनपाठनमा असहजता भएको छ । अहिले विद्यालयहरुमा विद्यालयका शिक्षकहरु शिक्षक सेवा आयोगको तयारी तथा परिक्षा दिनको लागी विद्यालय वा जिल्ला भन्दा बाहिर रहेका हुदा विद्यालयहरुमा शिक्षकहरुको अभाव रहेको छ । जसले गर्दा प्रत्यक्ष रुपमा वालवालिकाहरुको पढाईमा बाधा परेको छ ।

**प्राथमिकता २ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु**

- **बिद्यालय सुशासन तथा प्रवर्धन तथा शैक्षिक गुणस्तर अभिबृद्धिसम्बन्धि के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?(जस्तै बालकेन्द्रित शिक्षण सिकाइ बिधि, नागरीक शिक्षा**

**अध्ययन प्रतिबेदन, प्रबिधिमा आधारित शिक्षण, बिद्यालय ब्यबस्थापनका संजालीकरण, सुशासन, पारर्दिशता र जवाफदेहिता प्रवर्धन, स्कूल टिकाउ दर, सीकाइ उपलब्धि, Remedial Classes)**

कार्यक्षेत्रका बिद्यालयहरुमा  शिक्षाको गुणस्तर बृद्धि गर्न स्थानिय अधिकार कार्यक्रमद्धारा यस अबधि सम्म बालकल्बहरुको नियमित बैठकका साथै उनिहरुको कार्ययोजना निमार्ण र बिद्यालयका प्र अ, बि व्य स, शिक्षकहरुसंग समन्वय र सहकार्य बैठक संचालन, हाजिरी जवाफ, निबन्ध प्रतियोगिता र बक्तृत्वकला प्रतियोगिताहरु, भर्ना अभियान, प्राथमिक उपचार तालिम  संचालन गरिएका थिए । जसले गर्दा बिद्यालयमा बालबालिकाहरु नियमित भर्ना भएका छन भने बिद्यालय छोडेर भारत गएका वा घरमा साना भाई बहिनीहरु हेर्ने गरेका २८ जना बालबालिकाहरु पुनः बिद्यालय भर्ना भएका छन भने सामूदायिक विद्यालय प्रतिको विश्वासलाई उच्च राख्दै यस अवधिमा निजि विद्यालय बाट ४३ जना वालवालिकाहरु सार्वजनिक विद्यालयमा भर्ना भएका छन । बिद्यालयमा पुस्तकको अभाव भएको बेला नेट इन्टरनेटको प्रयोग गरेर बालबालिकाहरुको पठनपाठन कार्यलाई निरन्तर अगाडि बढाउदा अभिभावकहरुले शिक्षकहरुलाई बिश्वास गर्न थालेका छन । जसले गर्दा शिक्षक र अभिभावकहरुको सम्बन्ध बिस्तार हुनुका साथै सरकारी बिद्यालय प्रति अभिभावकहरुको रुचि बढ्दो क्रममा रहेको छ ।



बिद्यालयलाई बालमैत्रि बनाउन र बिद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्नको लागि यस ६ महिनाको अबधिमा बिद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ संग ४ पठट बैठक बसेको थियो । बैठकमा खाने पानीको व्यवस्थापन, बिद्यार्थि सिकाई तथा टिकाउदर बृद्धि गर्ने, सामाजिक लेखापरिक्षण र बिद्यालयमा निशुल्क शिक्षा प्रदान गर्ने सम्बन्धमा छलफल गरिएको थियो । जसले गर्दा कार्यक्षेत्रका ४ वटा नमुना बिद्यालयमा बालमैत्रिधारा, छात्रा मैत्रि सौचालय र आराम कक्ष निमार्ण बनेका छन भने बिद्यालयमा सेनेटरी प्याडको व्यवस्था पनि गरिएको छ । यसका साथै बि व्य समितिले कक्षा संचालनको समयमा बिचैमा बिद्यालय छोडेर भाग्ने अभिभावकहरुसंग बैठक बसि समस्याको खोजि गर्ने र समस्या निराकरण गर्ने कार्यको सुरुवात भएको छ ।

बिद्यालयको सिकाईलाई प्रभावकारी गराउनको लागि कार्यक्षेत्रमा रहेका नमुना बिद्यालयहरुमा स्थानिय स्तरको अवलोकन भ्रमण गर्ने, अतिरिक्त कृयाकलापहरुमा बढि जोड दिने, साना कक्षाहरुमा बालबालिकालाई मादल बजाउन सिकाउने, गित गाउन नाच्न सिकाउने, अगाडि आएर बोल्ने सिकाउने जस्ता अभ्यासहरुको सुरुवात भएको छ जसले गर्दा बालबालिकाहरु नियमित बिद्यालय आउन मन पराउने, अतिरिक्त कृयाकलापहरुमा भाग लिने, रमाउदै आवश्यक कुराहरु सिक्ने गरेका छन र बिद्यालयमा बालबालिका बिचैमा कक्षा छोडेर जाने प्रवृतीमा पनि कमि आएको छ । शिखर नगरपालिका वाड नं. २ मा रहेको श्री माहाकाली माध्यमिक विद्यालयले विद्यालयमा सुचना अधिकारीको न्यूक्ती गरेको छ । कार्यक्षेत्रमा रहेका सार्बजनिक बिद्यालयले अभिभावक भेला गरि सामाजिक लेखा परिक्षण कार्य गरेको छ । बिद्यालयको आ.व्य विवरण अभिभावक समक्ष छलफल गर्नुका साथै अभिभावकहरुका गुनासा तथा सुझावमा छलफल हुने गरेको छ।

○ **बाल सहभागिता बढाउनका लागि बालक्लव तथा युवाहरुको परिचालनका पहलबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?**

कार्यक्षेत्रमा गठित बालकल्व तथा युवाहरुको नियमित बैठक, कार्ययोजना निमार्ण गरि  उनिहरुद्धारा बिद्यालयमा हाजिरी जवाफ, निबन्ध प्रतियोगिता र बक्तृत्वकला प्रतियोगिताहरु, भर्ना अभियान  संचालन गरिएका थिए । जसले गर्दा बिद्यालयमा बालबालिकाहरु नियमित भर्ना भएका छन भने आर्थिक अभावका कारण बिद्यालय छोडेर भारत गएका परिवारका अभिभावकहरुलाई बिभिन्न सरोकारवाला निकाय तथा स्थानिय निकायसंग समन्वय र सहकार्य गरि कापि, कलम, झोला, जुत्ताहरु उपल्बध गराउनुका साथै पढाई निरन्तर होस भन्ने उद्धेश्यले त्यस्ता परिवारका बालबालिकाहरुका

अभिभावकहरुलाई सानाखाले व्यवसायमा संलग्न हुन पहल गरेका छन भने घरमा साना भाई बहिनीहरु हेर्ने गरेका गरि जम्मा २८ जना बालबालिकाहरु पुन: बिद्यालय भर्ना भएका छन ।

बालकल्व तथा युवा संजालको पहलमा कार्यक्षेत्रमा रहेका सरकारी बिद्यालयमा नियमित अतिरिक्त कृयाकलापहरु हुन थालेका छन जसले गर्दा बालबालिकाहरुको लेखाई, पढाई, सुनाई र बोलाई जस्ता भाषाका ४ वटै सिपको बिकास भएको छ । भने छाउपडि प्रथा, बालविवाह जस्ता सवालहरुमा पनि सचेतनामुलक नाटक पर्दशन गर्ने गरेका छन ।

- **न्यायोचित कर तथा सार्बजनिक शिक्षामा लगानी बढाउंन तथा शिक्षामा नीतिगत सुधारका लागि भएका पहलहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?**

कार्यक्षेत्रमा गठित सार्वजनिक बिद्यालयहरुमा संस्थाको पहलमा स्थानिय निकायहरुसंग समन्वय र सहकार्य गरे पश्चात वाईफाइ जडान गरिएको छ भने सुचना पार्टी, गुनासो पेटीका, सुचना अधिकारीको व्यवस्था सहित अनलाइन सुचनाहरु प्रवाह गर्ने व्यवस्था मिलाईएको छ । यसरी बिद्यालयमा सुचनाको व्यवस्था भएसंगै बालबालिकाहरुले बिद्यालयको पठनपाठनमा तथा व्यवस्थापन पक्षमा कुनै समस्या परे गुनासो पेटिकामा सुचनाहरु राख्ने गरेका छन जसले गर्दा शिक्षकहरु देखि प्र अ , बि व्य समिति पनि जवाफदेहि रहने गरेका छन ।




संस्थाको पहलमा स्थानिय निकायसंग सहकार्य गरि शिखर नगरपालिका ४ डोटीमा रहेको भवानी आधारभुत बिद्यालयमा बालबालिकाहरुको सिकाई प्रभावकारी बनाउन भित्तेलेखन कार्य गरिएको छ । बालकक्षामा क,ख बाह्रखरी, १,२, बार, महिनाका नाम ABCD आदि जस्ता कुराहरु रंगिन चित्रसहित भित्तेलेखन गरिएको छ । ठुलो अक्षरमा चित्रसहित भएकोले बालबालिकाहरु पढ्नलाई उत्साहित हुने र छिटो सिक्नुका साथै पहिले कागजका सामाग्रीहरु दैनिक बच्चाहरुले च्याति दिने र नयाँ बनाई रहन झन्जट हुने कुरा त्यस बिद्यालयका सहजकर्ता कृष्णा सार्कि बताउछिन ।
समुदाय स्तरमा तथा रिफ्लेक्ट सर्कलमा न्यायोचित करका बिषयमा गरिएको नियमित छलफल पश्चात समुदायका २०८ जना अभिभावकहरु सचेत भएका छन र बिद्यालयका शिक्षकहरुले बालबालिकाहरुको पढाइमा जोड दिनु पर्ने कुरामा नियमित छलफल तथा अनुगमन गर्ने गरेका छन ।

- **अन्य कुनै भएमा (If anything)**

**प्राथमिकता नं २ अन्तर्गत भौतिक निर्माण तथा जिवीकोपार्जनका लागि गरिएका पहलहरु**

| क्रियाकलाप | स्थान | लाभान्वित संख्या | आर्थिक सहयोग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| कार्यक्षेत्रका ३ वटा विद्यालयमा ड्यास बोर्ड (Dash Board) निर्माण गर्ने । | दि.सि.न.पा., ५, के आई सिंह गा.पा.४ र शिखर न.पा. ३ | | ३०,०००। | | | | ३०,०००। |

**प्राथमिकता नं २ अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पऱ्यो ?**

- विद्यालयमा शिक्षक, विद्यालय व्यवस्थापन समितीले कार्यक्रम वा संस्था प्रति भौतिक निर्माणका कार्यक्रमको बढि आशा वादी हुनु ।

- कार्यक्षेत्रमा गठन गरेका वाल क्लबहरु विद्यालय स्तरिय भएका हुदा माषिक बैठकमा गर्न समस्या हुनु ।

**यी परिवर्तन बाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र किन ?**

- वाल क्लबका सदस्यहरुलाई अभियानमा जोड्को लागी विद्यालय भन्दा बाहिरका वालवालिकाहरुलाई क्लबमा समेटीएमा प्रभावकारी हुने ।

**घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने)**

**"कोभिड १९ को समयमा सुरक्षित बन्यो बिद्यालय"**

चारैतिर कोभिड संक्रमणको डर फैलिएको बेला सुरक्षित रुपमा बिद्यालय संचालनमा थियो । बालबालिका तथा शिक्षकहरुले सहजरुपमा दैनिक मास्क, सेनिटाइजरको प्रयोग गर्न पाएका थिए । बिद्यालयमा Hand Washing को व्यवस्था पनि थियो जसले गर्दा बिद्यालय नियमित संचालनमा थियो र बालबालिकाहरुले सहजरुपमा शिक्षा आर्जन गर्ने वातावरण पाएका थिए ।

बिश्व भरि नै कोभिड १९ को माहामारी फैलिएको समयमा नेपाल पनि यस माहामारीबाट टाढा रहन सकेन । सन २०२० देखि बिश्वभरी नै कोभिड १९ ले मानव जीवनमा क्षेति पुऱ्याउनुको साथै बिकासको हरेक क्षेत्रमा बिश्वलाई पछाडि पाऱ्यो । यसबाट अझ बढि प्रभावित क्षेत्र बिद्यालय पनि हो । भन्डै २ वर्ष बालबालिकाहरुले सहजरुपमा शिक्षा आर्जन गर्न पाएनन । प्रभावित बिद्यालय मध्ये यस दिपायल सिलगढी नगरपालिका वडा नं ५ बागठाटामा रहेको एउटा बिद्यालय श्री महेन्द्र आ बि पनि एक हो । यस बिद्यालयमा कक्षा १ देखि ८ सम्म जम्मा ३५२ जना बिद्यार्थी र २० जना शिक्षकहरु रहेका छ । बिषेश गरेर यस बिद्यालय वरपर निकै बिपन्न परिवारहरु रहेका छन । यस बिद्यालयमा दलित परिवारका बालबालिकाहरुको बाहुलेता रहेको छ । सदर मुकाम नजिक रहेको बिद्यालय भएता पनि यस बिद्यालयमा आवश्यक पर्ने भौतिक पुर्वाधार, शिक्षण साम्रागी, खेलकुदका सामाग्रीहरुको अभाव छ भने स्वास्थ्य चौकि पनि निकै टाढा रहेको छ र आकस्मात आईपर्ने प्राथमिक उपचारको लागि समेत औषधि उपचारको अभाव रहेको थियो । अभिभावकहरुको पनि आर्थिक अभावका कारण बालबालिकाहरुलाई आवश्यक पर्ने सामाग्री खरिद गर्न सक्ने क्षमता थिएन । बालबालिकाहरुको पढाईमा कति बाधा पुऱ्याउने भनेर नेपालमा बिद्यालय संचालन गर्ने निर्णय भयो तर बिद्यालय संचालन भएको १६ दिन पछि उक्त बिद्यालयका ४ जना दलित परिवारका बालबालिकाहरुलाई कोभिड संक्रमण भएको पुष्टि भयो । त्यस पछि बिद्यालयको मात्र होइन पुरै गाउँको माहोल बदलियो । बिद्यालय १६ दिन सम्म बन्द भयो स्थानिय शिक्षक २ जना मात्र थिए । कोभिड देखिएका बालबालिकाहरुको रिपोर्ट नेगेटिभ देखिए पनि शिक्षक तथा बालबालिकाहरु बिद्यालयमा आउन डराउनु भयो । बिद्यालयमा एक पाकेट मास्कको पनि व्यवस्था थिएन । स्थानिय निकायसंग पटक पटक गुर्हादा पनि कुनै सुनुवाई नभएको गुनासो उक्त बिद्यालयका प्रद्यानाध्यापक धर्म बि क को थियो ।

यहि समयमा सम बिकास केन्द्र नेपाल र एक्सनएड नेपालको सहयोगमा उक्त बिद्यालयको अवस्थाबारे बिश्लेषण गरे पश्चात बिद्यालयमा मास्क, सिटामोल, सेनिटाइजर, हार्बिक र पानीको लागि ड्रम, हातधुने धारा जडान गरि Hand Washing का सामाग्रीहरु सहयोग गरि पर बिद्यार्थिहरुलाई साबुन, कोल्गेट, ब्रस, टावल थर्ममिटर, सिटामोल,अक्समिटर, मास्कको पाकेट, सेनिटाइजर सहयोग गरियो । यसका साथै सामाग्री बितरण कार्य संगै कोभिडबाट सुरक्षित रहने र बितरण गरिएको सामाग्रीका बारेमा सिकाइएको थियो ।

यसरी बिद्यालयमा कोभिड १९ बाट सुरक्षित रहनको लागि स्वास्थ्य सामाग्री सहयोग भए पश्चात बिद्यालय पुनः संचालनमा आयो । शिक्षक, बिद्यार्थीहरु निर्धक्क साथ बिद्यालयमा आउन थाल्नु भयो र अभिभावकहरुले पनि आफ्ना बालबालिकाहरुलाई ढुक्कका साथ बिद्यालय पठाउन थाले । बिद्यालयमा कोभिड संक्रमणको जोखिम निकै कम भयो । उक्त बिद्यालयका प्र अ धर्म बि क भन्नुहुन्छ " सबै ठाउँमा बिद्यालय संचालन गर्ने भन्ने निणर्य त सरकारले गऱ्यो तर बिद्यालयमा स्वास्थ्य सुरक्षाका हिसाबले कुनै व्यवस्था थिएन । यस्तो अवस्थामा पनि सरकारको निर्णयलाई स्वीकार गरि बिद्यालय संचालन गरियो । सम्बन्धित स्थानिय निकायमा स्वास्थ्य सामाग्रीको माग गर्दा गर्दै ४ जना बालबालिकाहरु संक्रमित भईसके तर स्वास्थ्य सामाग्री पुगेन यस्तो अवस्थामा १६ दिन बिद्यालय बन्द गरे पश्चात बालबालिकाहरु र शिक्षकहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै बिद्यालय संचालन गर्ने हिम्मत भएन अर्को तिर बिद्यालय बन्द हुदा बालबालिकाहरुको पढाई निकै असर पर्न थाले पछि संस्थामा स्वास्थ्य सामाग्रीहरुको माग गरियो । सामाग्री सहयोग पश्चात निर्धक्क साथ बिद्यालय संचालन गऱ्यौ , अभिभावकहरु पनि ढुक्कका साथ बालबालिकाहरुलाई बिद्यालय पठाउन थाल्नु भयो । अहिले सम्मको अबधिमा बिद्यालयमा कोभिडको जोखिम कम नै देखिन्छ र बिद्यालय नियमित संचालन हुदा बालबालिकाहरुको सिकाईमा पनि सुधार भएको छ । संस्था प्रति निकै आभारी छौ यस्तो गाह्रो परिस्थितीमा सहयोग गरि

दिनु भयो ।”यसै गरि उत्त: बिद्यालयको कक्षा ज्योती भण्डारी भन्छिन “लामो समय सम्म बिद्यालय बन्द हुदा निकै दिक्दार लागेको थियो जब बिद्यालय खुल्यो तब आफ्नै बिद्यालयमा ४ जना बिद्यार्थीहरु कोभिड संक्रमित हुदा निकै डर लागेको थियो । फेरी बिद्यालय बन्द भयो अब भने आफु पनि संक्रमित हुने डर लाग्न थाल्यो अर्को तिर पढाई निकै पछाडि परेको चिन्ता थियो । १६ दिन पछि बिद्यालय त खुल्ने भन्यो तर घरमा दैनिक माक्स किन्ने पैसा थिएन र बिद्यालयमा पनि नपाइने हुदा बिद्यालय आउने मन लागेन बाबा आमाले पनि नजानु भन्न थाल्नु तर यसै समयमा संस्थाद्धारा साबुन, कोल्गेट, ब्रस, टावल थर्ममिटर, सिटामोल, अक्समिटर, मास्कको पाकेट, सेनिटाइजर सहयोग गरियो र कोभिडबाट बच्न ति सामाग्रीहरु प्रयोग गर्ने तरिका पनि सिकाउनु भयो जसले गर्दा हामि बिद्यार्थीहरु ढुक्क साथ बिद्यालयमा आउन थाल्यौ उक्त सामाग्री घरमा पनि सबैलाई कोभिडबाट सुरक्षित रहन सहयोग पुग्यो र बिद्यालयमा भएको सामाग्रीले सबै बिद्यार्थी शिक्षकहरुलाई सहयोग भयो । बिद्यालय खुलाहुदा हाम्रो पढाईमा पनि निकै सुधार भयो । ”
यसरी दि सि न पा ५ मा रहेको महेन्द्र आबि मा संस्थाद्धारा कोभिडको समयमा स्वास्थ्य सामाग्री सहयोग गर्दा बिद्यालय संचालनमा निकै सहयोग पुगेको थियो ।

नाम : राजेश पार्कि
ठेगाना : दि सि न पा ५ धामिगाउँ
उमेर : १३
कक्षा ३ मा पढाई छोडेर काकाको घरमा बसेका राजेस अहिले कक्षा ३ मा निरन्तर बिद्यालय गई शिक्षा हासिल गरि रहेका छन । सोभानलाई बिद्यालयमा जादा कापि कलम र झोलाको अभाव हुने दिन अब रहेन । राजेस ढुक्कका साथ बिद्यालयमा जाने गरेका छन । राजेसको पढाईमा पनि पहिले भन्दा निकै सुधार रहेको छ ।

यहि दि सि न पा वडा नं ५ धामिगाउँ घर भएका राजेस दलित र निकै गरिब परिवारका बालक हुन । उनको घरमा आमा, दाई  दिदी र उनि गरि जम्मा ४ जनाको परिवार छ । उनका बुवा आमा लामो समय सम्म भारतमा बस्दै आएका थिए । राजेस र उनका दिदी र दाईको जन्म पनि भारतमा नै भएको थियो । राजेस भने सानै देखि हजुरआमा संग घरमा नै बस्ने गर्दथे । उनि स्थानिय अधिकार कार्यक्रम अन्तरगत बालप्रायोजित बालक पनि थिए । एक्कासि उनका बुवाको हत्या भयो । भारतको बोडिङ स्कुलमा काम गरेर घर फर्के बेला कसैले चक्कु प्रहार गरि उनका बुवा हत्या गरे । बुवाको मृत्यु पश्चात उनको आमाले उक्त बोडिङमा काम गर्न थाल्नु भएको थियो । केहि महिना पछि बिश्वभर नै कोभिडको माहामारी आयो । बोडिङ बन्द भयो काम पनि रोकियो आम्दानी हुने कुनै बाटो नभए पछि एक छाक खाना खान समेत नपाउने भए पछि आमाले दुबै बच्चा बोकेर घर फर्कनु भयो । बाटोमा अनेकौ दुख पिडा खप्दै घर त पुग्नु भयो तर गाउँमा कोभिडको सन्त्रास बढेको हुदा उनिहरुलाई  १४ दिन क्वारेन्टाइनमा बसेर कोभिड चेक जाच गरि घर फर्कनु भयो । राजेसकि हजुर आमाको बृद्ध भत्ता आउने हुदा केहि महिना सम्म त खानलाई पुग्यो । लगडाउन निकै लम्बिदै गयो । यसै समयमा उनको हजुरआमाको पनि अकस्मात  मृत्यु भयो उनले निकै क्षेति बेहोर्नु पऱ्यो । संस्थाद्धारा स्थानिय निकाय संग समन्वय र सहकार्य गरेर केहि महिना खानलाई पुग्यो । यसै समयमा सम बिकास केन्द्र नेपाल र एक्सनएड नेपालको सहकार्यमा संचलित द महिला नेटवर्क परियोजनाद्धारा व्यवसाय संचालन गरेर आम्दानीका स्रोत बढाउन उनलाई आर्थिक सहयोग गरियो उनले बाख्रापालन व्यवसाय बाट २ वर्षको समयमा ८५ हजार बराबरको आम्दानी गर्न सफल भईन । आम्दानी राम्रो हुदै गए पछि राजेस कि आमाले घर खर्च चलाउन पुगे पछि बचेको रकमबाट माषिक २०० बैंकमा बचत गर्न समेत थालिन । उनिहरु रमाइलोका साथ जिवन निर्वाह गरि रहेका थिए ।



२०७८ असोज तिर डोटी जिल्लामा लगातार ५ दिनको वर्षाले राजेसहरुको घर जगै देखि भत्कियो । आमा छोरा र छोरीको ज्यान त बच्यो तर घर भित्र भएको अन्न बालि र रुपैया पैसा र ६ वटा बाख्राहरु समेत च्यापिएर मरे । राजेसको परिवारमा ठुलो बज्रपात पऱ्यो । उनिहरु घरबार बिहिन भए । यसै समयमा संस्थाद्धारा स्थानिय निकाय संग समन्वय र सहकार्य गरेर चामल ,दाल ,तेल, मरमसला, ग्यास, चुलो र त्रिपालको व्यवस्था भयो एक महिना त खानलाई पुग्ने भयो तर त्यस पछि के खाने र त्रिपालमा ठन्डी लाग्ने डरले उनले छोरा छोरीलाई तराईमा काकाको घरमा राखिन । संस्थाबाट पुन: उनले बाख्रापालन व्यवसाय सुरु गरिन ३ वटा ब्याउने बाख्रा खरिद गरेर उनले छिमेकिको घरमा राखेकि छिन । बाख्रा खरिद गरेको १६ दिन पछि २ वटा बोका भएको हुदा लक्ष्मीलाई निकै राहात मिल्यो । राजेसका काकाले सुरुमा

पढाउने भनेर लगे पनि पछि घरको काम लगाउन थालेको बिद्यालयमा भर्ना नै नगरेको सुने पछि उनकि आमाले बोका बिक्री गरेको ५ हजारबाट गाडि भाडा बनाएर सबै बच्चाहरुलाई घर बोलाइन ।

राजेस घरमा आए पछि उनकि आमाले समुहमा आफ्नो सबै कथा व्यथा सुनाए पछि समुहको निर्णय बमोजिम संस्थाद्धारा उनलाई कापि कलम र झोला सहयोग गरियो अहिले राजेस नियमित बिद्यालय जाने गरेका छन । आमाले गरेको दुख देखेर पनि होला अहिले उनको पढाईमा निकै सुधार आएको पाइन्छ । राजेस भन्छन "बुवाले सानैमा छोडेर जानु भयो अर्को देशमा कसले मार्‍यो थाहा भएन । बुवाको हत्यारा त पत्ता लगाउन नसकुला तर आमाले हाम्रो लागि गरेको सबै दुखहरु देखि रहेको छु म निकै मेहनत गरेर पढ्ने छु र पछि ठुलो मान्छे बनेर आमालाई धेरै खुसि दिने छु । "

राजेसको कुराले आखा भरि आसु पार्दै उनकि आमाले भन्छिन "संस्था कै सहयोगमा श्रीमानको हत्या पश्चात घरमा आएर जिवन जिउने आधार भेटाएकि थिए । जो होचो उसैको मुखमा घोचो भने झै भयो पहिरोले घर जगै देखि भत्कायो मेरो केहि नराखि लगेर गयो । यो अवस्थामा पनि संस्थाको सहयोगमा मैले नगरपालिकाबाट पनि सहयोग प्राप्त गरेकि छु र संस्थाले पुन: बाखापालन व्यवसाय गर्न मलाई सहयोग गरेको हुदा फेरी घर बनाउने र छोरा छोरीलाई आफ्नै घरमा राख्ने , पढाउने सपना छ । "

यसरी राजेसकि आमाले केहि रकम नगरपालिकाबाट सहयोग पाएकि छिन भने केहि चाहि आफै व्यवसाय गरेर ज्याला मजदुरी गरेर घर बनाउने तयारीमा रहेकि छिन । छोरा छोरीहरुलाई पनि बिद्यालय पढाईरहेकि छिन ।

**प्राथमिकता नं २ को बजेट विवरण (जनवरी देखि जूनसम्म)**

| स्विकृत बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|
| ९७३०२८ | ३९२९२४ | ४०.३८ |

## प्राथमिकता नं ३:उत्थानशिल जीविकोपार्जनका लागि दीगो आर्थिक विकल्पको प्रवर्धन ।

**परिवेश विश्लेषण**

सानाखाले व्यवसायमा संलग्न समुहका महिलाहरुले बाखा, कुखुरा, बंगुर पालन तथा किराना पसल, तरकारी खेतिबाट माषिक ५ देखि ३० हजार सम्म आम्दानी गरि उक्त रकमले घर खर्च चलाउने, बालबच्चाहरुका कापि, कलम, ड्रेस, किन्ने गरेका छन ।किसानहरु वर्षे बिउँ छर्ने, रोपाइ गर्ने काममा व्यस्त रहनुका साथै तरकारीका नयाँ बेर्ना छर्ने, नर्सरी व्यवस्थापन गर्ने कार्य गरि रहेका छन भने आकाशे पानीको भरमा खेति गर्ने किसान मर्का परेका छन । डोटीमा हाल सम्म पुरुषहरुको कामको सिलसिलामा बाहिरी देशमा जाने गरेका छन जसले गर्दा कार्य व्यवस्थताका कारण अधिकांश महिलाहरुले अझै पनि व्यवसायमा संलग्न रहन सकिरहेका छैनन । यस अबधिमा डोटी जिल्लाका प्रत्येक पालिकाहरुमा कृषि ईकाइद्धारा धान, मकैको बेर्ना, तरकारीका बिउँहरु र आँप, सुन्तला, कागती, लिचि, अमिलो, अम्बा, नास्पती, अनार जस्ता फलफुलका बुट्टाहरु बितरण गरिएको छ । मअमले पेश गरेको आबेदनलाई कृषि ईकाईले सम्बोदन गर्दै समुहका ११२ जना (द ४६) अगुवा कृषकहरुले पनि लाभ प्राप्त गरेका छन । अहिले मौषमी परिवर्तन भए संगै समूदायका व्यक्तिहरु खेतिपाती गर्नमा व्यवस्त रहेका छन ।




- **दिगो कृषिका लागि भएका बिकल्प निर्माण तथा कृषि तथा गैर कृषिमा आधारितआर्थिक तथा जिविकोपार्जनका क्रियाकलापहरुले भूमिहिन, साना किसान, युवा तथा महिलाको दिगो जीविकोपार्जनमा के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?(कृषि तथा गैर कृषि कृयाकलापमा आधारित उद्यमशिलता, बजारीकरणको प्रर्बद्धन तथा मूल्य श्रृंखला,समाबेशि उद्यमशिलता, पारिवारिक आय आदि) ।**

संस्थाको सहयोगमा सानाखाले व्यवसायमा आबद्ध समुहका ११६ जना महिलाहरुले बाख्रा, कुखुरा, बंगुर पालन तथा किराना पसल, अदुवा खेति, डोको नाम्लो बनाउने र तरकारी खेति व्यवसायबाट मासिक ५ देखि ३० हजार सम्म आम्दानी गरि घर खर्च चलाउने, बालबच्चाहरुका कापि, कलम, ड्रेस, किन्ने, औषधि उपचारमा लगाउने र आफुलाई आवश्यक पर्ने सामानहरु किन्न सक्ने भएका छन भने माषिक रुपमा रु १००० सम्म पनि बैंकमा जम्मा गर्ने थालेका छन । यसले महिलाहरुको आत्मनिर्भरता, स्वतन्त्रता बढनुका साथै आर्थिक कारोवारोमा समेत उनिहरुको नियन्त्रण बृद्धि हुदै गएको पाईन्छ। घरमा आम्दानीका स्रोतहरु खुले संगै समुहका २३ जना महिलाहरु माथि हुने हिंसाका घटनाहरुमा कमि आएको पाइन्छ। यस वर्षमा २० वटा समुहका ६८० जना सदस्यहरुले मासिक रु ५० का दरले समुहमा वचत गरि रु २ लाख ४ हजार बराबरको रकम समुह मै लगनी गरि साना व्यवसायमा संलग्न भएका छन्। व्यवसायमा संलग्न रहे पश्चात समुहका ८० जना एक छाक समेत खान धौ धौ पर्ने महिलाहरुको जिविको पार्जनमा सुधार भएको भने समुहका ३६ जना महिलाहरुले आम्दानी गरेको रकमबाट आफ्नो नाममा जमिन किन्ने, गरगहना बनाउने, ग्यास चुलोको प्रयोग गर्ने, आफ्नो पढाईलाई अगाढी बढाउने गरेका छन । ३ जना दालमोट व्यवसायि महिलाहरुले यो अबधिमा २५ हजार सम्मको आम्दानी गरेका छन भने दि सि न पा ४ को वडा कार्यालयबाट उक्त दालमोट तथा नमकिन व्यवसायलाई थप सहयोग पुऱ्याउने उद्धेश्यले यस वर्ष रु २ लाख रकम विनियोजन गरि हामीले नै गठन गरेको सहकारीको माध्यम बाट श्रमिक महिलाहरुलाई मध्यनजर गरि सहयोग गर्ने प्रतिबद्धता वडा अध्यक्षको रहेको छ।

> संस्थाको आर्थिक सहयोग पाएपछि गााउमै खुद्रा पसल संचालन गरि मासिक ५ हजार सम्म आम्दानी गर्न थालेकी छु पसलवाट आम्दानी गर्न थालेपछि मैले पुन: क्याम्पस भर्ना भई मेरो पढ्ने इच्छालाई सफल पार्न सक्षम भएकी छु । मेरो विवाह भएको ५ वर्ष भयो मैले पढ्न छोडेको पनि ५ वर्ष नै भयो । माइती घरमा पनि गरिवीका कारणले पढ्न पाईन र पोइली घरमा पनि मलाई पढाउन सक्नु भएन । अहिले म आफै कमाउने भए र क्याम्पसमा भर्ना भई पढ्न थाले लामो समय क्याम्पस छोडेकाले क्याम्पस जान लाज लाग्यो तर विस्तारै विस्तारै नियमिति क्याम्पस गए र मैले १२ कक्षा पास गर्न सफल भएकी छु।
>
> गंगा पार्की, शिखर न.पा. २ मुडेगाउ

यस अर्धवार्षिकमा शिखर नगरपालिका वाड नं. २ मुडेगाउ प्रतिभा रिफ्लेक्ट सर्कलकी सदस्य गंगा पार्कीले संस्था बाट पाएको आर्थिक सहयोगले अहिले आफ्नो पढाईलाई निरन्तरता दिएकी छन ।



यस अवधिमा समूदायका ११६ जना महिलाहरु विभिन्न व्यवसायमा संलग्न भए पश्चात महिलाहरु आर्थिक रुपमा शसक्त भई समूदायमा मा हुने सार्वजकि कार्यहरुमा पनि संलग्न हुने गरेका छन । ५२ जना घरेलु हिंसा बाट पिडित महिलाहरु आर्थिक रुपमा शसक्त भए पश्चात उनीहरु घरेलु हिंसा मुक्त भएका छन । महिलाहरु आर्थिक रुपमा शसक्त भए पश्चात महिलाको सम्पत्तिमा अधिकार स्थापित गराउने उद्देश्यले १४ जना महिलाले एकल र २ जना महिलाहरुले संयूक्त गरि जम्मा १६ जना महिलाले आफ्नो नाममा लालपुर्जा बनाएका छन ।

- **महिला, कृषक तथा उद्यमीहरुको आर्थिक समुन्नतीका लागि लैंगिकमैत्रि बजार प्रवर्धन सम्बन्धि क्रियाकलापहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?**

सम विकास केन्द्र नेपाल र एक्सनएड नेपालको संयुक्त साझेदारीमा के आई गाउँपालिकामा महिला मैत्रि बजार स्थापना गरि महिलाहरुको सहजरुपमा बजार सम्म पहुँच अभिबृद्धि गर्न गा पा तथा वडा संग समन्वय गरिएको थियो । गा पा तथा वडाको समन्वयमा महिला मैत्रि बजार स्थापनाको लागि गाउपालिकाले ४ लाख बराबरको जमिन उपलब्ध गर्नुका

साथै ३ लाख रकम बिनियोजन गरि निर्माण कार्य सुरु भईरहेको छ । जसमा हाम्रो कार्यक्रम बाट १५ लाख बजेट विनियोजित गरिएको छ । गाउपालिकामा महिला मैत्रि बजारको अबधारणालाई सम्बोधन गर्दै महिलाहरु आफ्नो उत्पादन गरेको बस्तु बजार सम्म ल्याउन तथा महिलाहरुको सुरक्षाका साथै बजारिकरणमा सहयोग गर्ने निर्णय भएको छ ।

- वातावरणमैत्री दीगो खेतिपाती सम्बन्धि हामीले गरेका क्रियाकलापहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?

कृषि क्षेत्रमा प्रचुल सम्भावना बोको के आई सिं गा पा मा  दिगो कृषि विकासका लागि असल कृषि अभ्यासका पद्धतिको प्रवर्धन गर्न अर्गानिक तरकारी खेतिका लागि रणनितिक योजना निमार्ण गर्न अर्गानिक कृषिका लागि रणनितिक योजना तयार गरि  कृषि उत्पादनबाट आर्थिक, सामाजिक र वातावरणीय पक्षलाई केन्द्रित गरि खाद्य सुरक्षा र खाद्य श्रृंखलमा उत्पादनको गुणस्तर सुनिश्चितता गर्न असल कृषि अभ्यासको प्रवर्धन गरिएको छ । गुणस्तरिए कृषि उत्पादनको लागि तयार गरिएको माप दण्ड वा निर्देशिका स्थानिय तहमा असल कृषि अभ्यास कार्यान्वयन भई के आई सिं गा पा लाईःपुर्ण अर्गानिक पकेट क्षेत्र बनाउनको लागि रसायनिक बिषादीको प्रयोग गर्न रोक लगाइएको छ । यसका साथै कार्यक्षेत्रमा गठित कृषक समुहका कृषकहरुलाई तरकारी बालिमा आउने समस्याहरु तथा बजारीकरणमा जोड दिदै संस्थाद्बारा तरकारी खेति तथा बजारिकरण सम्बन्धि सिपको तालिमहरुको आयोजना गरिन्छ । जसले गर्दा कृषहरुको कृषि क्षेत्रको रुचि बढ्नुका साथै आम्दानीका स्रोतहरु बृद्धि भएका छन र उहाहरुको जिबोको पार्जनमा सुधार आएको छ ।

कृषि खेतिमा कृषकहरुले भोगेको समस्यामा जोड दिदै यस पटक के आई सिं गा पा ले जंगली जनावर भगाउने प्रबिधिको बिकास गर्दा पनि किसानहरु बालि बच्ने र आम्दानीमा बृद्धि हुन कुरामा आसाबादि रहेका छन ।

- अन्य केहि भएमा (If anything)

**प्राथमिकता नं ३ अन्तर्गत भौतिक निर्माण तथा जिवीकोपार्जनका लागि गरिएका पहलहरु**

| क्रियाकलाप | स्थान | लाभान्वित संख्या | आर्थिक सहयोग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| | | | | | | | |

**प्राथमिकता नं ३ अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पऱ्यो ?**

- कर्मचारीहरुमा प्राविधिक ज्ञान नहुदा तरकारीमा हुने समस्या, उपचार विधि, विउ लगाउने तरिका तथा रोगको विषयमा जानकारी नहुदा कृषकलाई सहजीकरण गर्न कठिनाई हुनु ।
- गरिब, दलित भुमिहिनहरुलाई जग्गा जमिनको अभावका कारण कृषि जन्य व्यवसायमा संलग्न गराउन कठिनाई हुनु ।

**यी परिवर्तन बाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र किन ?**

- महिलाहरुलाई आर्थिक क्रियाकलापहरुमा संलग्न गराई आर्थिक रुपमा शसक्त गराउदा महिला माथि हुने हिंसामा कमि आउने ।
- समुदायको चाहना र आवश्यकता अनुसार सिप र क्षमता अभिवृद्धि गर्दै प्रविधि जस्ता क्रियाकलापहरुमा र लगानि गर्न सकिएमा आर्थिकरुपमा महिलााहरु आत्म निर्भर हुन सक्छन जसले हिंसामा पनि कमी ल्याउन सकिन्छ ।
- महिलाहरुले उत्पादनमुलक कार्यमा लगानि गर्दै आत्मनिर्भर हुन सक्छन र घरभित्रको समस्यालाई कमी ल्याउन सक्षम हुन्छन ।

**घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने)**

नाम : लक्ष्मी विष्ट
उमेर : ३० वर्ष
ठेगाना : दिपायल सिलगढी नगरपालिका वडा नं. ७ रातुली, डोटी

मेरो परिवारमा ससुरा सासु, म ,श्रीमान, २ छोरा १ छोरी गरि जम्मा ७ जना छौ । मेरो १३ वर्षको उमेरमा मागि विवाह भएको थियो । १५ वर्षको उमेरमा पहिलो सन्तान छोरी पाएको थिए भने २० वर्षकि हुदा ३ वटै सन्तान पाईसकेकि थिए । श्रीमान समाज सेवा भन्ने संस्थामा काम गर्ने क्रममा अर्को केटी संग प्रेम बिवाह गरेर भारतमा जानु भयो । श्रीमान भारतमा गई सके पछि घरमा छोरा छोरी र सासु ससुरा सबैको जिम्मेवारी मेरो काधमा आयो । श्रमिानले ऐयासी गरेर साहुको घरबाट १ लाख ऋण लगाएर बेपता भए पछि साहुले घरमा आएर म संग भएको गरगहना सबै लगेर गए । आफु संग धेरै जग्गा जमिन पनि थिएन पाखो जमिनमा कति नै फल्थ्यो र १ महिना पनि पुरा खान नपाइने भयो । माईती घरमा गाउँ भने पनि छोरा छोरी सासु ससुरा छोड्न सकिन माईतीको पारिवारीक स्थिती पनि नाजुक रहेको हुदा १ घण्टा टाढाको बजारमा गएर ज्यालादारी काम गरि बालबच्चा पाल्ने निर्णय गरे काम गरेको १५ दिन हुदा सम्म पनि ठेकेदारले ज्याला नदिए पछि १५ दिन सम्म मैले छोरा छोरीलाई नुन संग कोदोको रोटी खुवाए बच्चाहरु भात खाने भनेर रुने गर्दथे गाउँमा कसै संग पैचो मागेर खाउ भने पनि उति बेला कसैले पत्याउने अवस्था थिएन । जब १६ दिनको दिन ठेकेदारले दैनिक ८ घण्टा काम गर्दा २५० को दरले १६ दिनको ४ हजार दिए त्यस पछि मैले बच्चाहरुलाई दाल भात खुवाए । श्रीमान केटी भगाएर कुन देशमा गए थाह नै नहुदा बिगतका ३ वर्ष मैले निकै कष्टकरका साथ बिताए । सन २०२० मा हाम्रो गाउँमा सम किास केन्द्र नेपाल र एक्सनएड नेपालको सहयोगमा संचादित द महिला नेटवर्क परियोजनाद्धारा उन्नती महिला समुह गठन गरियो । समुहमा समान कामको समान ज्याला , महिला तथा घरेलु हिंसा, बालविवाह जस्ता बिषयमा छलफल गरिन्थ्यो । यसका साथै महिलाहरुलाई कुखुरा पालन , बाखापालन, किरानापसल जस्ता जुनसुकै व्यवसाय तर्फ संलग्न गराउने भनेर घुम्तिकोष पनि सहयोग गरियो । यहि समयमा पहिलो प्राथमिकतामा हाम्रै समुहकि सदस्य सुन्तली बि क परिन । उनि पनि म जस्तै बहु बिवाहको सिकार बनेकि थिइन । यसै बिचमा बिश्व भरि नै माहामारीको रुपमा कोभिड १९ भित्रियो । लगभग ३ वर्ष सम्म बेपता भएका मेरा श्रीमान पनि घर फर्किए सबै अचम्ममा पर्‍यौ । जुन केटी भगाएर बिहे गरेको थियो उसले पनि अर्को केटा खोजि बिहे गरेर गएको र काम गरि रहेको होटल बन्द भएर अलपत्र परेको अवस्थामा घर फर्केको कुरा बताए । सासु, ससुरा र छोरा छोरीको अगाडि मेरो केहि लागेन र श्रीमानलाई स्विकार गर्दै नया जीवनको सुरुवात गर्ने निधो भयो । त्यस पछाडि श्रीमान र घर परिवारको सल्लाहमा अब नेपाल मै बस्ने र कुखुरापालन व्यवसाय गर्ने भन्ने निर्णय भए बमोजिम समुहबाट ५० हजार सहयोग लिदै उक्त व्यवसाय सुरु गर्‍यौ पहिलो वर्ष ३०० चल्ला पाल्यौ त्यो लटमा ३५ दिन मै ३५ हजार आम्दानी भयो र बिस्तारै खोर बढाउदै ५०० चल्ला पाल्न थाले अहिले सम्म हामिले २ वर्षको अन्तरालमा लगानी छोडेर १ लाख ७५ हजार कमाएको हुदा बालबच्चा लाई पढाउन निकै सहयोग पुगेको छ । पहिले श्रीमान पनि घर नहुदा र आफ्नो अवस्था कम्जोर हुदा हेला गर्ने छिमेकिहरु अहिले सम्मानका साथ बोल्छन । राम्रो व्यवहार गर्ने गर्दछन । मैले पनि २ वटा बचत तथा सहकारी संस्थामा माषिक ५ सय जम्मा गर्ने गरेकि छु । म समुहमा आबद्ध भएपछि संस्था द्वारा व्यवसायिक योजना निर्माण र बजारीकरण सम्बन्धि तालिम पाए जसले गर्दा मलाई व्यवसाय गर्न सहज भयो । श्रीमानलाई पनि घर मै स्वरोजगार हुने अवशर मिलेको छ । वजार नजिक भएकाले कुखुरा पालनले राम्रो आम्दानी हुन थाल्यो । म र मेरो श्रीमानको दैनिक मेहनतले गर्दा आम्दानी वढ्न थाले पछि कुखुरा पालन



व्यवसायलाई वढाउदै गए र आम्दानी वढ्दै गएकाले २ छोरालाई वोर्डी स्कुल र छोरी क्यामपसमा पढ्छिन  दुख कष्ट गरेर पनि छोरा छोरीलाई पढाउने आस छ म आफुले पाए जस्तो दुख मेरो छोरीलाई नहोस भन्ने चाहन्छु । संस्था द्वारा संचालित वाल प्रायोजन कार्यक्रममा मेरो देवरका छोरा, छोरी वाल प्रायोजित रहेका छन् । अहिले कुखुरा पालन संगै किराना पसल पनि संचालन गरेकी छु । सबै भन्दा खुसि त श्रीमान र आफु संगै भएर काम गर्दा पहिलेको जस्तो बानी बिग्रने डर छैन र तेरो के कमाई छ भनेर पहिलेको जसरी मलाई हेला पनि गर्न पाउनु हुन्न । दुबै जना मिलि जुली घर चलाएका छौ । साथमा रहदा खुसि छौ ।

नाम : पार्वती धामी
ठेगाना : दि सि न पा ५ धामीगाउँ
उमेर : ३८

कार्यबोझमा कमि आए पश्चात पार्वती धामी सफल व्यापारीका नामले परिचित छन र बिभिन्न समुह समितिहरुमा नेतृत्व लिन थालेकि छिन । श्रीमानले घरको काममा ६ घण्टा सहयोग गर्न थाले पछि उनको कार्यबोझमा निकै कमि आएको छ । दुवै श्रीमान श्रीमतीले पारीश्रमिक दिने र नदिने काम बराबर गर्नु हुन्छ त्यहि भएर पनि उनको घरमा कुनै प्रकारको हिंसा , कलह ,झगडा छैन ।



दि सि न पा ५ घर भएकि पार्वती धामी को परिवारमा उनका श्रीमान , २ वटा छोरी र १ वटा छोरा गरेर ५ जनाको परिवार छ ।  पार्वतीलाई अहिले ३८ वर्ष भयो । उनको माइती घर दि सि न पा ८ लडागडामा पर्दछ । परिवारको आर्थिक अवस्था कमजोर रहेको र भाई बहिनाहरु धेरै भएको कारण उनले बिद्यालयमा पढ्न पाइनन् त्यस माथि छोरीहरुलाई पढाउने चलन डोटी जिल्लामा नै थिएन । उनका श्रीमानले पनि परिवारको आर्थिक अभावको कारणले कक्षा ६ मा नै पढाई छोडेर बस्नु परेको थियो । बिहे भएको वर्षमा नै भारतमा गएर काम गर्न थाले । उनका बुढा सासु ससुरा थिए । घरको सबै काम उनको जिम्मामा नै थियो । सुत्केरी भएको अवस्थामा पोषिलो खाने कुरा खानु त टाढाको कुरा हो उनले आराम समेत गर्न पाइनन् । १२ ,१३ दिन कै दुधे बालकहरु छोडेर उनि कामका जाने गर्दथिन । जसले गर्दा बच्चालाई समयमा दुध खुवाउन नपाइने र बच्चाको रेखदेख गर्न नपाउदा बच्चाका साथ साथै उनको शारीरिक अवस्था पनि निकै कमजोर भएको थियो । भारतमा काम गर्न थालेको केहि वर्ष पछि उनका श्रीमान घर आउनु भयो र दैनिक ज्यालादारीको् काममा संलग्न हुन थाल्नु भयो । उनले ५,७ घण्टा पारीश्रमिक पाउने कामहरु गर्नु हुन्थ्यो । पार्वतीले चाहि घरमा बिहान ५ बजे उठेर साझ ११ बजे सम्म काम गर्ने गर्दथिन तर उनका श्रीमानले आफ्नो ज्याला दिने काम बाहेक घरको कुनै काममा पनि वास्ता गर्नु हुदैन थियो । छोरा छोरी भोकले रुदै गरेको अवस्थामा पनि हेर्नु हुदैन थियो । पार्वतीले गरेको कामको त झन कुनै मुल्याकंन नै थिएन । परिवारमा बुहारी भए पछि घरको सबै कामहरु गर्नु उनको धर्म बनाई दिएका थिए भने पार्वतीले श्रीमानलाई पनि छिमेकिहरु कुरा काट्ने हुन भन्ने डरले घरको कुनै काम गरि दिनु भन्ने हिम्मत गरिनन् ।

पार्वती भन्छिन "निकै गाह्रो अफ्टेरोमा दिनहरु कटि रहेका थिए । सम बिकास केन्द्र नेपाल र एक्सनएड नेपालको सहकार्यमा संचालित द महिला नेटवर्क परियोजना अन्तरगत गठन गरिएको प्रगती महिला समुहमा महिलाहरुको कार्यबोझमा कमि ल्याउने घरायसि कामको बाडफाड हुने बिषयमा छलफल हुने गर्दथ्यो । म समुहको सदस्य थिए । यहि अबधिमा समुहमा १० जोडी महिला पुरुषहरुलाई समयतालिकाको अभ्यास गराईएको् थियो । उक्त समयमा तालिकाको नतिजालाई ३ महिना पछि लेखाजोखा गर्दा पुरुषहरुले पारिश्रमिक दिने काममा सिमित रहेका र महिलाहरुले घरायसि काममा बढि संलग्न रहेको हुदा उनिहरुको स्वास्थयमा पर्ने नकारात्मक असरहरु, नेतृत्व बिकास तथा आर्थिक शसक्तिकरणमा पछाडि परेका कुराहरुबारे छलफल गरियो । उक्त समय पश्चात मेरो श्रीमानले मेरो कामको सहि मुल्यांकन गर्नु भयो मलाई घरायसि काममा सहयोग गर्न थाल्नु भयो । बजार नजिक रहेको हुदा तरकारी खपत हुने सम्भावना हामि दुबैले समुहको सहयोगमा तरकारी व्यवसाय गर्ने निर्णय गऱ्यौ । समुहबाट सहयोग पाए बमोजिम हामिले उक्त व्यवसायबाट राम्रो आम्दानी गर्न थाले एक लटको तरकारी बिकी गर्दा ३० ,४० हजार आम्दानी हुन थाल्यो । यो व्यवसाय प्रतिको रुचि बढ्दै गयो । श्रीमानले ज्यालादारीकाममा जान छोडनु भयो र हामिले तरकारी संगै च्याउ खेति गर्न

थाल्यौ च्याउँबाट झनै फाइदा हुन थाल्यो । यसरी तरकारी व्यवसायमा संलग्न किसानहरुलाई गोठे मलको लागि भनेर पनि नगरपालिका द्धारा बाख्रा , गाई बितरण हुन थाले र समुहको समन्वयमा म त्यो सुचिमा परेर ५ वटा बाख्रा पालन गरे । अहिले म बिना बिषादी र रसायनिक मल हाले तरकारी उत्पादन गर्दछु । हाम्रो तरकारी बजारमा निकै खपत हुन्छ उक्त व्यवसायको आम्दानीबाट अहिले हामिले २ वटा छोरा छोरा छोरीलाई उच्च शिक्षाको लागि कक्षा १४ मा पढाइ रहेका छौ भने सानो छोरी कक्षा ९ मा पढ्दै छ । यसरी हामि दुबै श्रीमान श्रीमतिले मिलेर काम गर्ने हुदा हाम्रो घरमा कुनै प्रकारको कलह झगडा हुदैन । हामि खुसिका साथ आफ्नो जिवन बिताई रहेका छौ ।"

यसरी दिन भरि घरायसि काममा संलग्न रहदा शारिरीक, मानषिक अस्वस्थताका साथै सामाजिक र आर्थिक रुपमा पछाडी परेकि पार्वतीको घरायसि काममा बाडफाड हुदा उनको कार्यबोझमा कमि हुनुका साथै उनको चौतर्फा बिकास भएको छ ।

पार्वतीका श्रीमान खडक धामि भन्छन "बिहे गरेको केहि महिनामा नै मैले घर छोडेर भारतमा जानु परेको थियो म बिदेशिदा घरमा श्रीमाती र बच्चाको हालत निकै बिग्रेको थियो । घरको अवस्था झनै नाजुक हुदै गयो अर्काको देशमा सानो तिनो जागिरी गर्नु पर्ने त्यो पैसाले आफ्नै पेट पाल्न धौ धौ हुन्थ्यो त्यस माथि न कुनै मान सम्मान न त परिवारसंग बस्ने पाइने । भारतमा बसेको ५ महिना सम्म पनि जाने बेला गाडि भाडा बनाएको ऋिण नै तिर्न गाह्रो भयो । अर्काको देशमा बसेर कुनै सिप नचल्ने भएको हुदा आफ्नै घर फर्कने सोच गरि घर आए । घरमा आईसके पछि म गाउँमा दैनिक ज्यालादारी काम गर्न थाले । कहिल्यै काम पाइने कहिल्यै नपाइने हुदा दिक्क लाग्न थाल्यो तर घरको काममा श्रीमतीलाई सघाउदा साथीहरुले जिस्काउने भएकोले पसल तिर गएर दिन कटाउने गर्दथे । एक दिन श्रीमती बसेको समुहको कार्यक्रममा सहभागि भएको थिए त्यहा घरायसि कामको बाडफाड बारे छलफल भयो समय तालिकाको बारेमा सहजिकरण गरियो मैले त श्रीमतीको भन्दा निकै कम काम गर्ने र उनले घरको काममा ब्यस्त रहदा उनमा परेको नकारात्मक असरहरु बारे मलाई निकै नै दया लाग्यो । त्यहि दिन दुबै श्रीमान श्रीमती मिले आफ्नै बारीमा तरकारी खेती गर्ने निर्णय गऱ्यौ । समुहको सहयोगमा उक्त व्यवसायबाट निकै आम्दानी गर्न सक्यौ जसले गर्दा हाम्रो परिवारको आर्थिक अवस्था राम्रो हुनुका साथै हाम्रो सामाजिक हैसियतमा नै परिवर्तन भयो । अहिले ३ वटा छोरा छोरी पढाउन निकै सहयोग पुगेको छ गाउँमा हाम्रो जोडि नमुनाका रुपमा हेरिन्छ मैले घरायसि काममा सहयोग गरेको देख्दा मेरो भाई, दाई र साथीहरुले पनि घरायसिकाममा सहयोग गरेको देख्दा मलाई निकै सन्तुष्टि मिल्ने गर्दछ ।"पार्वती र खडकको जोडी अहिले नमुनाको रुपमा रहेको छ ।

**प्राथमिकता नं ३ को बजेट विवरण (जनवरी देखि जूनसम्म)**

| स्विकृत बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|
| १५९२२२८। | ९७३९९४। | ६१.१७ |

## प्राथमिकता नं ४:बिपद उत्थानशिलताको विकाश ।

- परिवेश विश्लेषण गर्ने (हाम्रो उद्देश्य र कामसंग सम्बन्धीत )

लामो समय सम्म पानी नपर्दा किसानहरु मर्कामा पर्नुका साथै गर्मिले गर्दा बिभिन्न किसिमका सरुवा रोगहरुको जोखिम रहेको छ । खडेरीका कारण पानीका मुहानहरु सुक्दै जानु र कृषि बालि नस्ट भएका छन । खडेरीका कारण आगलागी जोखिम बढ्दै गएको छ । बिद्यालय तथा सार्वजनिक निकायहरुमा पानीको अभाव भएको छ । गाउँगाउँमा कच्ची सडकहरु काट्नाले पहिरोको जोखिम बढ्दै गएको छ । स्थानिय अधिकार कार्यक्रमको कार्यक्षेत्र के आई सिंह गाउपालिका वडा नं. ६ मा आएको भिषण हावाहुरीको कारण ७ जना व्यक्तिहरुको घर नै उडाएर लगेको हुदा सम विकस केन्द्र नेपाल बाट ति ७ जना लाई राहात सहयोग परिएको छ ।

- प्राथमिकता ४ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु

  - **हाम्रो कार्यक्मको सहयोगले समूदाय तथा महिलाको मानविय प्रतिकार्यसम्बन्धि क्षमता तथा नेतृत्व विकाशमा के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?( विपत जोखिम न्यूनीकरण, राहत तथा उद्धार )**

गत वर्ष कोभिड पोजेटिभ महिलाहरुको डाटा संकलन कार्य गर्नुका साथै स्वास्थ्य सामाग्रीहरु सहयोग गरिएको थियो भने हाल संस्थाद्धारा कार्यक्षेत्रका २१ ( द म ८) जना महिलाहरुलाई रु २० हजारको दरले औषधि खर्च तथा जिविको पार्जनमा

सहयोग गरिएको छ । संस्थाको समन्वयमा कोहि बालबालिकाहरु नछुट्ने गरि कार्यक्षेत्रमामा रहेका २७९० जना १५ वर्ष मुनिका र १५ महिना माथिका बालबालिकाहरुले कारोना रोग बिरुद्धको खोप लगाएका छन ।

संस्थाद्धारा कार्यक्षेत्रमा रहेका सार्वजनिक बिद्यालयहरुमा सरुवा रोगहरुबाट बच्नको लागि हात धुने सामाग्रीहरुको व्यवस्था गरेको छ । बिद्यालयमा रहेका बालबालिकाहरुले चर्पिको प्रयोग गरे पश्चात र खाजा खानु अगाडि साबुन पानीले हात धुन सहज भएको छ ।

- **जोखिमबाट सुरक्षित रहन तथा न्यनीकरण गर्नकें कस्ता क्रियाकलाप तथा पहलहहरु गर्‍यौं, कसरी गर्‍यौं र त्यसबाट के कस्ता उपलब्धिहरु हासिल भए ?(Small scale mitigationलाई यसमा समेट्ने) ।**

यस अवधिमा कार्यक्षेत्रका २० जना युवा तथा शिक्षकहरुलाई सम्भावित विपद बाट बच्न र विपदमा परेका व्यक्तिहरुलाई उद्धार गर्न सक्ने किसिमको सिपको लागी प्राथमिक उपचार सम्बनिध क्षमता विकास तालिमको आयोजना गरिएका छन ।

- **हामीले विपत प्रभावितलाई मानविय सहयोग तथा प्रतिकार्यका लागि के कस्ता क्रियाकलाप तथा पहलहहरु गर्‍यौं, कसरी गर्‍यौं र त्यसबाट के कस्ता उपलब्धिहरु हासिल भए ?**

स्थानिय अधिकार कार्यक्रमको कार्यक्षेत्र के आई सिंह गाउपालिका वडा नं. ६ मा आएको भिषण हावाहुरीको कारण ७ जना व्यक्तिहरुको घर नै उडाएर लगेको हुदा सम विकस केन्द्र नेपाल बाट ति ७ जना लाई राहात सहयोग परिएको छ । शिखर नगरपालिका वडा नं. २ मुडेगाउमा सम्भावित जोखिममा रहेका ६० घरधुरीको लागत फराम भरि नगरपालिकामा पेश गरिएको छ । यसै गरि दिपायल सिलगढी नगरपालिका वडा नं. ७ कोईरेलीमा रहेको बस्ती निकै नै जोखिममा रहेको हुदा यस वर्ष उक्त बस्तीलाई सार्नको लागी पालिकाले बजेट विनियोजित गरेको छ । उक्त बस्तीमा हाम्रो रिफ्लेक्ट सर्कल समूह रहेको छ । यस अवधिमा गत वर्ष कोरोना बाट प्रभावित भएका समूदायका परिवारहरुलाई यस वर्ष पालिका बाट महिला समूह तथा रिफ्लेक्ट सर्कलका ८ जना दलित र १२ जना अन्य गरि जम्मा २० जनाले व्यवसाय संचालनको लागी रु १० हजारका दरले सहयोग प्राप्त गरेका छन । साथै शिखर नगरपालिकाले बाढि पहिरो बाट प्रभावित हाम्रो समूहका १३ घरपरिवार दलित र १९ घरपरिवार अन्य गरि जम्मा ३२ परिपरिवारले दाद्यान्न, जस्तापाता र लुगाकपडा सहयोग प्रदान गरेका छन ।

- **स्थानिय स्तरमा जवाफदेहिता तथा पारदर्शिता प्रवर्धन गर्न के कस्ता पहलहरु गरिए र त्यसको प्रभाव तथा उपलब्धीहरु कस्तो दखियौ ?**

स्थानिय स्तरमा जवाफदेहिता तथा पादर्शिता कायम गर्न कार्यक्षेत्रमा रहेका विद्यालयहरु तथा वन समितीहरुले नियमित रुपमा आफ्नो संस्थाहरुले सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण कार्यक्रमहरु आयोजना गरेका छन । जसमा अहिले ५ वटा विद्यालयमा सार्वजनिक सुनुवाई गरेका छन ।

- **हामीले सुरक्षित स्कूल प्रवर्धनका लागि के कस्ता क्रियाकलाप तथा पहलहहरु गर्‍यौं, कसरी गर्‍यौं र त्यसबाट के कस्ता उपलब्धिहरु हासिल भए ?**

संस्थाको समन्वयमा कोहि बालबालिकाहरु नछुट्ने गरि कार्यक्षेत्रमामा रहेका २७९० जना १५ वर्ष मुनिका र १५ महिना माथिका बालबालिकाहरुले कारोना रोग बिरुद्धको खोप लगाएका छन । यस अवधिमा कार्यक्षेत्रको श्री माहाकाली मा.वि.लाई सुरक्षीत विद्यालय निर्माणको लागी पालिका बाट रु ३ लाख रकम विनियोजित गरेको छ । विगतमा सम विकास केन्द्र नेपाल बाट संचालित आपत कालिन प्रतिकार्य परियोजना अन्तरगत सहयोग गरिएको हातधुने स्टेशनले दिवाखाजा संचालन भएका विद्यालयहरुमा अहिले वालवालिकाहरु नियमित रुपमा हातधुने गरि खाजा खाने गरेका छन ।

- अन्य कुनै भएमा (If anything)

**प्राथमिकता नं ४ अन्तर्गत भौतिक निर्माण तथा जिवीकोपार्जनका लागि गरिएका पहलहरु**

| क्रियाकलाप | स्थान | लाभान्वित संख्या | आर्थिक सहयोग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**प्राथमिकता नं ४ अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पऱ्यो ?**

- 

**यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र किन ?**

- घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने)

- प्राथमिकता नं ४ को बजेट विवरण (जनवरी देखि जूनसम्म)

| **स्विकृत बजेट** | **कुल खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|
| ९२७२०२। | ३१३८००। | ३३.८४ |

२.१ स्थानिय निकायहरुसंगको समन्वय तथा सहकार्यमा हामी के कस्ता नीतिगत कार्यहरुमा संलग्न भयौं र त्यसका उपलब्धीहरु के भए?

२.२ सामाजिक परिचालन तथावकालत र पैरवीबाट आएका प्रमुख उपलब्धीहरु के थिए? (प्रत्येक प्राथमिकता अन्तर्गत बढिमा एउटा मात्र उल्लेख गर्ने)

२.३ भैतिक संरचना निर्माण तथा भौतिक सहयोगका कारण आएका प्रमुख उपलब्धीहरु के थिए? (प्रत्येक प्राथमिकता अन्तर्गत बढिमा एउटा मात्र उल्लेख गर्ने)

३. संस्थागत विकाश सम्बन्धी कार्यक्रमहरु (उदाहरणका लाागि : सामाजिक लेखाजोखा, साधारण सभा, अनुगमन मूल्यांकन, लेखा परिक्षण, तालिम आदि)

सम विकास केन्द्र (ईडिसि) नेपाल, डोटी ले सुशान र जवाफदेहिताको मुख्य पद्धती अन्तरगत संस्थाले बर्ष भरि गरेका क्रियाकलापहरुलाई आम समूदाय र जनप्रतिनिधिहरु ल्गायत सरोकारवाला निकाएकोहरुको सहभागितामा मिति २०७८ पौष १६ गतेका दिन संस्थाको सामाजिक परिक्षण कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा संस्था ले समूदायमा आर्थिक, भौतिक र क्षमता विकास लगाएत विभिन्न अभियानहरु  बाट आएका परिवर्तनहरुको समिक्षा गर्दै आगामी दिनहरुमा संस्थाले समूदायमा कार्यक्रमहरु संचालन गर्दा कसरी अगाढी बढ्न सकिन्छ भन्ने विषयमा सुझाब संकलन समेत गरेको छ।  साथै संस्थाको लेखा परिक्षण कार्यक्रम पनि सम्पन्न भएको छ।

यस अवधिमा स्थानिय अधिकार कार्यक्रमको कार्य समिती बाट कार्यक्षेत्रमा भएको कामको अवस्था, सामाजिक परिचालनको अवस्था आदीको बारेमा अनुगमन भएको छ।

४. बाल प्रायोजन सम्बन्धीगरिएका क्रियाकलाापहरुले  कस्ता उपलव्धिहरु हासिल भए तथा कस्ता चुनौतिहरु देखा परे ?
यस अवधिमा १२५३ जना प्रायोजित वालवालिकाहरु मध्ये १२१३ जना वालवालिकाहरुको वाल सन्देश संकलन गरिएको छ। भने अन्य वाकी रहेका ४० जना वालवालिकाहरु अनुपस्थित रहेका छन। अनुपस्थित वालवालिकाहरु सबै आमा कुवा संग भारत गएका हुदा हाम्रो समय सम्म नआएको हुदा ४० जना वालवालिकाहरुको ठाउमा नया वालवालिकाहरु वाल विवरण संकलन गरिएको छ।

५. अन्य कुनै छुटेका कुरा प्रतिवेदनमा राख्नु परेमा

# Note: PRRPको प्रस्तुती खाका पछि छुट्टै पठाइनेछ।